# अध्याय एक

# परिचय

## अध्ययनको परिचय

शिक्षा र मानवलाई एक सिक्काकका दई पाटाका रुपमा मानिन्छ किनकि शिक्षा मानव जीवनसँग जाडिएको एक महत्त्वपूर्ण अङ्ग हो । शिक्षाको विकास र विस्तार बिना अन्य कार्यहरू अगाडि बढ्न सक्दैनन् ।

शिक्षाको अपरिहार्यताको सुरुवात केलाउँदा प्राचीन कालमा गुरुहरूले शिष्यलाई दिने वाणीहरू पठनपाठन, रहनसहन जस्ता कुराहरू गरूहरूबाटै निर्देशित हुन्थे । यसरी प्राचीन कालदेखि लिएर माध्यमिक काल हुँदै आधुनिक कालसम्म आइपुग्दा शिक्षाको विकास र विस्तारमा धेरै प्रगति र परिवर्तनका बाटाहरू खुल्दै गए जसमा शिक्षा एउटा कान्तिको रुपमा अघि बढिरह्यो । यी सबै कुराहरूलाई केलाउँदा आजको दिनमा पनि शिक्षा मानवको अङ्गको रुपमा रहेको छ र त्यतिकै महत्त्वपूर्ण बन्दै गएर वर्तमानमा शिक्षामा सुधारका निमित्त सुझावहरू दिंदै अघि बढिरहेको छ ।

नेपाली भाषा अन्य देशमा दोस्रो भाषाका रुपमा बोलिने र पठनपाठन गर्ने प्रचलन पनि दिन प्रतिदिन बढ्दै गएको छ । साथै शिक्षामा नयाँ नयाँ प्रविधिको विकास शिक्षक तालिमको व्यवस्था भइरहेको छ । वास्तवमा शिक्षामा विद्यार्थी र शिक्षकहरूको दोहोरो भूमिकामा चलेको हुन्छ र त्यस भूमिकाको प्रभावमा विद्यार्थीले शिक्षा हासिल गरिरहेका हुन्छन् ।

यही परिप्रेक्ष्यमा यस अध्ययनले कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरूको कक्षा अन्तरकियाप्रति चासो राखेको हो । कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरू भनेका सम्वेदनशील उमेरका हुन्छन् । त्यसैले उनीहरूको शारीरिक, मानसिक, बौद्धिक, सम्वेगात्मक र सामाजिक समायोजन र विकासमा ध्यान दिनुपर्ने हुन्छ । यो उमेर जिज्ञासु, धेरै कुराहरू जान्नपर्ने चञ्चले हुने भएकाले हरेक कुरामा विचार पुर्‍याएर अन्तरकिया गराउँदै शिक्षण गर्नुपर्दछ । त्यसैले अन्तरकिया गराउँदै शिक्षण गर्नु आजको आवश्यकता पनि देखिन्छ । यही कुरालाई मध्यनजर गरी झापा जिल्लाका

विद्यालयहरूमा भइरहेको शिक्षण प्रक्रियाको जानकारी यस अध्ययनबाट प्राप्त गर्न खोजिएको छ । यसले शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारिता, शिक्षक-विद्यार्थी बिचको सम्बन्ध जस्ता कुराको बारेमा पनि जानकारी दिने प्रयास गरिएको छ । अत : स्नातकोत्तर तहको उपाधि प्राप्त गर्ने, आफ्नो अनुसन्धान क्षमताको विकास गर्ने, झापा जिल्लाका कक्षा ४ को विद्यार्थी शिक्षक अन्तरक्रियाको विभिन्न विभिन्न कोणबाट अध्ययन गर्ने, शैक्षिक तथा शैक्षणिक अनुसन्धानात्मक आदि आवश्यकतालाई पूरा गर्ने जस्ता पृष्ठभूमिमा आधारित भएर प्रस्तुत अनुसन्धान पूरा गरिएको छ ।

## समस्याकथन

वास्तवामा अनुसन्धानका लागि छानिएको शीर्षक नै समस्या हो । यसै क्रियाकलापमा कक्षाकोठामा शिक्षक र विद्यार्थी बिचमा हुने अन्तरक्रियात्मक क्रियाकलापलाई नै अध्ययनको एक समस्याको रुपमा लिइएको छ । प्रस्तुत शोध अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ ।

क) चार कक्षामा शिक्षण कार्यकलाप अवधिभर शिक्षक विद्यार्थी बिच को कति सक्रिय रही अन्तरक्रिया भयो ?

ख) कक्षा चारमा उद्देश्य अनुरुप कक्षा सञ्चालन भयो भएन ?

ग) शिक्षकको शिक्षणक्रम पाठको प्रकृति अनुसार छ छैन ?

घ) पाठ्यवस्तु र कार्यकलापको तालमेल कस्तो छ ?

ङ) पाठ्यक्रम अनुसार उपलब्धिमूलक विद्यार्थी केन्द्रित अभ्यासमुखी क्रियाकलापहरूको निर्धारण कसरी गर्न सकिन्छ ?

## उद्देश्य

प्रस्तुत शोध अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क) कक्षा चारको नेपाली विषय शिक्षणमा शिक्षक विद्यार्थी अन्तरक्रियाको अवस्था पत्ता लगाउनु,

ख) उद्देश्य अनुरुप शिक्षक विद्यार्थी अन्तरक्रियाको स्वरुप र शिक्षणक्रमको अध्ययन गर्नु,

ग) पाठ्यवस्तु र क्रियाकलापको तालमेल पत्ता लगाउनु,

घ) नेपाली भाषा शिक्षणमा शिक्षक विद्यार्थी अन्तरक्रिया विधिको प्रयोगमा देखिएका समस्या पहिल्याई समाधानका उपयुक्त उपायहरू सुझाउनु ।

## अध्ययनको औचित्य

दुई वा दुईभन्दा बढी व्यक्तिहरू कुनै एक निश्चित विषयमा आबद्ध भई आफ्ना विचारहरू एक आपसमा सञ्चार गर्ने प्रक्रियालाई अन्तरक्रिया भनिन्छ । यसरी दुई पक्षबिच गरिने अन्तरक्रियामा एक आपसमा आफ्ना भावना र विचारहरू आफू समक्ष आउने भएकाले अन्तरक्रियामा सहभागी दुवैलाई फाइदा पुग्न जान्छ । सिकाइ भनेको ज्ञान, अनुभव, सिप र क्षमताहरूको आदान-प्रदान हो । यसरी अन्तरक्रियामा सहभागी हुने मौका प्रदान गरेको खण्डमा शिक्षक विद्यार्थीहरूमा आपसी समझदारी, मेलमिलाप र नेतृत्वदायी सिपको विकास पनि हुन जान्छ ।

यो अनुसन्धान कक्षाकोठामा अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षकबिचको अन्तरक्रियाको अध्ययन भएकाले यसबाट अनुसन्धाता, शिक्षक विद्यार्थी, प्रशिक्षक विद्यालय निरीक्षक, पाठ्यक्रम कार्यान्वयनकर्ता, शिक्षप्रेमी, शिक्षाविद्का निमित्त उपयोगी हुनेछ । शिक्षक विद्यार्थीलाई आफ्नो पठनपाठनमा निरन्तरता दिई पठनपाठनका क्रममा भएका कमीकमजोरीहरू सुधार गर्दै शिक्षणलाई वस्तुपरक, वैज्ञानिक र यथार्थको कसीमा पारख गरेर अघि बढ्न शिक्षा क्षेत्रका सबैलाई फाइदा पुऱ्याउँछ । विद्यार्थी-शिक्षकको सम्बन्धलाई सुमधुर बनाई विद्यार्थीको रुचि, क्षमता पहिल्याई व्यवस्थित एवम् उद्देश्यपूर्ण बनाउन सहयोग पुग्ने हुँदा यो अध्ययन समसामयिक र सान्दर्भिक हुनेछ ।

## अध्ययनको सीमा

कुनै पनि अध्ययन अनुसन्धान गर्दा निश्चित सीमाभित्र रहेर गर्नुपर्ने हुन्छ । त्यस्तै प्रस्तुत शोध प्रस्तावका उद्देश्यहरू परिपूर्ति गर्न निम्नलिखित बुँदाहरूमा सीमाबद्ध गरिएको छ ।

क) प्रस्तुत शोधपत्रलाई झापा जिल्लाको बुधवारे स्रोतकेन्द्र अन्तरगत सञ्चालित ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयका कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरू तथा कक्षामा अध्यापनरत नेपाली विषयका शिक्षकहरूमा केन्द्रित गरिएको छ ।

ख) प्रस्तुत शोधलाई स्थलगत भ्रमण अवलोकन तथा प्रश्नोत्तर विधिको प्रयोग गरी कक्षा ४ का कक्षाकोठाका शिक्षक विद्यार्थी अन्तरक्रियको अध्ययनमा सीमित राखिएको ंछ ।

ग) यस अध्ययनलाई झापा जिल्लाको बुधवारे स्रोतकेन्द्र अन्तरगत सञ्चालित विद्यालयहरु मध्येबाट बुद्ध आदर्श उच्च माध्यमिक विद्यालय बुधवारे, सरस्वती बालकल्याण माध्यमिक विद्यालय धाइजन, गणेश माध्यमिक विद्यालय शान्तिनगर, ज्योति इङ्गलिश बोडिङ स्कुल बुधवारे, जयपुर इङ्गलिश बोडिङ स्कुल बुधवारे र मुनामदन एकाडेमी शानितनगरको अध्ययनमा सीमित गरिएको छ ।

## शोधपत्रको रूपरेखा

शोधको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि आवश्यकताअनुसार विभिन्न परिच्छेद वा अध्याय र त्यसअन्तर्गत विभिन्न शीर्षक उप-शीर्षकमा विभाजन गरिन्छ । शोधप्रस्ताव तयार गर्दा पूर्वानुमानका आधारमा मुख्य - मुख्य परिच्छेद र शीर्षकहरू उल्लेख गरी शोधपत्रको रूपरेखा प्रस्तुत गर्नुपर्दछ । प्रस्तुत शोधपत्रलाई निम्न पाँच परिच्छेदमा विभाजन गरिएको छ :

अध्याय - १ परिचय

अध्याय - २ पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय - ३ विधि तथा अध्ययनको प्रक्रिया

अध्याय - ४ कक्षा चारको शिक्षक विद्यार्थी अन्तरक्रियाको विश्लेषण

अध्याय - ५ उपसंहार

सन्दर्भ सूची

परिशिष्टहरू

# अध्याय दुई
# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिले विगतमा त्यस सम्बन्धी भएका अध्ययनहरूको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । विगतमा गरिएका कार्यहरूले वर्तमानमा गरिने कार्यको लागि मार्गनिर्देशन प्रदान गर्ने हुनाले अनुसन्धानलाई उद्देश्यमूलक बनाउन पूर्व अध्ययनहरूको विशेष महत्त्व रहन्छ । अझ सम्बन्धित क्षेत्रमा के कस्ता कार्य भए र गर्न लागेको कार्य बाँकी र आवश्यक छ, छैन भन्ने कुराको निर्क्योलका लागि पनि पूर्वकार्यको समीक्षा आवश्यक हुन्छ ।

प्रस्तुत अध्ययन कक्षा चारको शिक्षक विद्यार्थी अन्तरक्रियासँग केन्द्रित रहेको छ । प्रस्तुत शोध शीर्षकसँग सम्बन्धित भएका केही अनुसन्धानात्मक कार्यहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

पोखेल (सन् २००७) द्वारा गरिएको *इफेक्टिभनेस अफ इन्टरयाक्सन टेक्निक इन रिडिङ कम्युनिकेटिभ फङ्सनस्* शीर्षक शोधले अन्तरक्रिया विधिको निर्वाह गरी अङ्ग्रेजी भाषा सिकाइ गर्दा सिकाइमा परिवर्तन आउने, शिक्षण सामग्रीको प्रयोगबाट मात्र कक्षा शिक्षणमा सकारात्मक परिवर्तन नआउने, यसका लागि शिक्षण विधिमा नयाँपन दिनुपर्ने, शिक्षण क्रममा व्याख्या र विश्लेषण फरक फरक तरिकाबाट गरिए सकारात्मक प्रतिक्रिया आउने, अन्तरक्रियाको माध्यमबाट जुन कुरा सिकिन्छ त्यसले लेखन क्षमतालाई बढाउँछ भन्ने निष्कर्ष निकालेको छ ।

फरक भाषको सिकाइसँग सम्बन्धित भए पनि सबै भाषाहरूको सिकाइ क्रम मिल्दो भएकाले प्रस्तुत शोधको समीक्षा गरिएको छ ।

महरा (२०६५) द्वारा त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तरगत स्नातकोत्तर तह पूरा गर्न तयार पारिएको *नेपाली शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन* नामक शोधपत्रमा शिक्षक र विद्यार्थीबिच गरिने अन्तरक्रियाको स्थिति र कक्षा वातावरण शिक्षणक्रम पाठको प्रकृति अनुसार छ, छैन

पत्ता लगाउन, शिक्षण क्रियाकलापहरू पत्ता लगाउन र तुलनात्मक विश्लेषण गर्नमा केन्द्रित रहेको देखिन्छ । उक्त उद्देश्यहरू पूरा गर्नका लागि शोध विधिका रूपमा अवलोकन प्रश्नावलीलाई प्राथमिक स्रोतका रूपमा लिई प्रत्यक्ष वा क्षेत्रीय विधि अपनाइएको छ । सम्बन्धित विषयमा भएका पूर्व अध्ययनहरू, सन्दर्भ पुस्तक, पुस्तकालय अध्ययन आदि सामग्रीहरूको उपयोग गरी तथ्याङ्क सङ्कलन गरेको पाइन्छ । प्रस्तुत शोधले शिक्षण पूर्वपाठमा आधारित रहने, शिक्षणमा विद्यार्थीहरूको राम्रो रुचि जगाएर शिक्षण गर्नुपर्ने, कक्षा व्यवस्थापन शान्त र अनुशासित बनाउनु पर्ने, गृहकार्यको समय छुट्याउनुपर्ने, शिक्षक र विद्यार्थीबिचको दोहोरो अन्तरक्रियाको समय बनाउनुपर्ने जस्ता पक्षहरूमा पाइला चाल्नुपर्ने कुरालाई अघि बढाएको पाइयो ।

घिमिरे (२०६५) द्वारा तयार पारिएको *कक्षा चारको शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन* नामक शोधपत्रमा शिक्षक विद्यार्थी अन्तरक्रियाको समय अवधि निर्धारण गर्नु, समय अवधिभर दैनिक पाठ अनुसार क्रियाकलाप छ छैन, पाठ्यवस्तु अनुसारको शिक्षणक्रम कस्तो छ, विद्यार्थी सहभागिताको स्थिति आदि कुराहरू पत्ता लगाउने उद्देश्य राखेको पाइयो । अन्तरक्रियाको वातवरण, न्यून पाठ्यपुस्तक र कालोपाटीको मात्र प्रयोग गरेको र अन्तरक्रिया अत्यन्त न्यून देखिन्छ । विद्यार्थीले बुझे-नबुझेको कुरालाई मूल्याङ्कन गरिएको पाइँदैन । विद्यालयहरू परम्परागत र रुढीवाढी ढङ्गले सञ्चालित भएको निष्कर्ष दिइएको छ । विशेष गरेर अध्ययनको कक्षाकोठामा कसरी अन्तरक्रियको विकास गर्न सकिन्छ र कस्तो खालको विकास हुन्छ भन्ने जानकारी दिएको पाइन्छ ।

क्षेत्री (२०६५) द्वारा तयार पारिएको *कक्षा पाँचका शिक्षक विद्यार्थीहरूको अन्तरक्रियाको अध्ययन* नामक अप्रकाशित शोधपत्रमा कक्षा पाँचमा नेपाली विषयको शिक्षक विद्यार्थी अन्तरक्रियाको समयावधि अध्ययन गर्नु, विद्यार्थी सहभागिताको अध्ययन गर्नु, शिक्षक विद्यार्थी अन्तरक्रियाको बारेमा सुझाव दिनु, जस्ता उद्देश्यहरू रहेका छन् । अध्ययन अनुसार कक्षा पाँचको विद्यार्थीलाई भाषा शिक्षण गर्दा अन्तरक्रियाको समय न्यून रहेको पाइएको छ । अधिकाम्श विद्यार्थी शिक्षकलाई प्रश्न समेत सोध्न नसक्ने स्थितिमा रहेको पाइयो । शिक्षक विद्यार्थीका बिच अथवा विद्यार्थी विद्यार्थीका बिच अन्तरक्रिया गराएर अन्तरक्रियाको माध्यमबाट

विद्यार्थीलाई सक्रिय तुल्याएर शिक्षण गर्न उपयुक्त हुने निष्कर्ष निकालेको पाइन्छ । यस निष्कर्षले प्रस्तुत शोधपत्रलाई अध्ययन तथा सम्पन्न गर्नमा सहयोग पुऱ्याउने भएकाले उल्लेखनीय बन्न पुगेको छ ।

कटुवाल (२०६५) द्वारा तयार पारिएको *कक्षा आठको नेपाली भाषाको अध्ययन* नामक अप्रकाशित शोधपत्रमा कक्षा आठमा अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षक बिच हुने अन्तरक्रियाको समयावधि पत्ता लगाउनु, उक्त कक्षाको शिक्षक, विद्यार्थी बिच गरिने अन्तरक्रियाको स्वरूप पहिल्याउनु, उक्त कक्षामा पाठको प्रकृति अनुरूप सान्दर्भिकता र अन्तरक्रियको सार्थकता पहिचान गर्नु, कक्षा अन्तरक्रिया उपयोगको महत्त्व बोध गर्न आवश्यक सुझाव दिनु आदि जस्ता उद्देश्यहरू रहेका पाइन्छन् । शिक्षक विद्यार्थी अन्तरक्रियामा बढी समय शिक्षकले बोल्ने र विद्यार्थी केवल निष्क्रिय श्रोता रहेको पाइएको छ । यस शोधपत्रमा काठमाडौं जिल्लाका ९ वटा विद्यालयमा गरिएको अध्ययन अनुसार कक्षा आठका विद्यार्थीहरूलाई भाषा शिक्षण गर्दा अन्तरक्रियाको प्रयोग न्यून मात्रामा भएको र विद्यार्थीले आफूले नसक्ने प्रश्न गरे पनि शिक्षकले त्यसको उत्तर अरु विद्यार्थीबाट अपेक्षा नगरी आफैं बताउने गरेको पाइयो । अझै पनि कक्षाकोठामा परम्परागत शैलीमा एउटा पाठ्यपुस्तक, कालोपाटी र चकको आधारमा व्याख्यान विधिको प्रयोग गरी शिक्षण सञ्चालन भएको पाइएको छ । त्यसैले विद्यार्थीलाई सक्रिय बनाएर विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्दै अन्तरक्रियाको माध्यमबाट शिक्षण गर्नुपर्ने निष्कर्ष निकालेको देखिन्छ ।

अधिकारी र पौडेल (२०६५) द्वारा लिखित *शिक्षाशास्त्र र नेपालमा शिक्षा* पुस्तकमा उल्लेख भए अनुसार अन्तरक्रिया तीन किसिमका हुन्छन् । ती हुन् : व्यक्ति-व्यक्तिबिच हुने अन्तरक्रिया, व्यक्ति-समूहबिच हुने अन्तरक्रिया र समूह-समूहबिच हुने अन्तरक्रिया । व्यक्ति-व्यक्तिबिच हुने अन्तरक्रिया आमा, बाबु, दिदी, दाजु, साथी तथा घरपरिवारसँग सम्बन्ध स्थापित गरेर, कुराकानी गरेर तथा आफ्नो समस्या राखेर हुनेगर्दछ र यसले व्यवहार जान्न, भाषा सिक्न र सम्बन्ध स्थापित गर्न सिकारुलाई सक्षम बनाउँदछ । यसरी नै व्यक्ति र समूहबिच हुने अन्तरक्रिया सामूहिक समस्या प्रस्तुत गरेर, समूह कार्यमा सहभागी भएर तथा समूहको सदस्य बनेर स्थानीय समुदाय, सामाजिक सङ्घसंस्था, धार्मिक सङ्घसंस्था, विद्यालयसँग

हुने गर्दछ र यसले सिकारुको ज्ञानको क्षेत्र विस्तार गर्ने, सम्बन्ध विस्तार गर्ने, सामूहिक भूमिका पहिचान गर्ने, अस्तित्व कायम गर्ने क्षमता वृद्धि गर्दछ । त्यस्तै गरी समूह-समूहबिच कार्यगत सञ्जाल विकास गरेर, सकारात्मक सम्बन्ध विकास गरेर, सम्युक्त कार्यक्रम सञ्चालन गरेर अन्तरक्रिया हुने गर्दछ र यसले ठूला समस्या हल गर्ने, आर्थिक सामाजिक विभेद हटाउने, समाजको समग्र विकास गर्ने क्षमता अभिवृद्धि गर्दछ ।

कँडेल (२०६६) द्वारा तयार पारिएको *कक्षा सातका शिक्षक विद्यार्थी अन्तरक्रिया एक अध्ययन*मा शिक्षक विद्यार्थी अन्तरक्रियाको प्रकृति पहिचान गर्नु, विद्यार्थीको अन्तरक्रियामा शिक्षकको सहभागिता र शिक्षकको व्यवहार पत्ता लगाउनु जस्ता उद्देश्यहरू राखिएको थियो । उद्देश्य अनुसार अधिकाम्श समय शिक्षकको पहुँचमा रहेको पाइयो, केवल शिक्षकको प्रवचन सुन्न विद्यार्थी विवश भएको  पाइयो । शिक्षकले पाठको एकोहोरो व्याख्या गर्ने पाइएकाले विद्यार्थीका अन्तर्निहित प्रतिभा र क्षमता प्रस्फुटन हुन नसकेको अवस्था पाइयो । उक्त अध्ययनमा सहज वातावरण सिर्जना गरी विद्यार्थीहरूलाई बढी सक्रिय बनाउनु पर्ने, जान्ने, नजान्ने, अगाडि, बस्ने, पछाडि बस्ने सम्पूर्ण विद्यार्थीहरूलाई सहभागी गराई शिक्षण गरिनुपर्ने सुझाव समेत दिएको छ ।

सुवेदी (२०६८) द्वारा लिखित *निरीक्षक दिग्दर्शन* नामक पुस्तकमा कक्षाकोठामा शिक्षक विद्यार्थी अन्तरक्रिया सम्बन्धी लेख, कक्षा अवलोककन फाराम, कक्षा अवलोकन गर्दा ध्यान दिनुपर्ने कुराहरू, कक्षाकोठा व्यवस्थापन, कक्षा अवलोकनका अङ्ग तथा प्रक्रिया, शिक्षिण विधि, विद्यार्थी मूल्याङ्कन आदिका बारेमा जानकारी पाइन्छ । यी कुराहरूले यस शोधपत्रलाई पूरा गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउने हुँदा प्रस्तुत विद्यालय निरीक्षक दिग्दर्शन नामक पुस्तक यस शोध प्रस्तावका लागि उल्लेखनीय रहेको छ ।

## अध्ययनको उपादेयता

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित पहिले भइसकेका अनुसन्धानहरूको सिङ्हावलोकन गर्नु आवश्यक छ । पहिला गरिएका

कार्यका आधारमा अघि बढ्नका लागि बाटो स्पष्ट हुने भएकाले कुनै पनि अनुसन्धानमा पूर्वकार्यको समीक्षा आवश्यक र उपयोगी हुन्छ । माथि गरिएको पूर्वकार्यको समीक्षाबाट प्रस्तुत शोधकार्यका लागि उपर्युक्त पूर्वअध्ययनहरू मार्गनिर्देशनका रूपमा अत्यन्त उपयोगी रहेका छन् । उक्त पूर्व अध्ययनमा कक्षा दुईको शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन गरेको पाइयो । त्यस्तै कक्षा पाँचको शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन भएको पाइयो । झापा जिल्लाका कक्षा चारका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन भने पाइएन । अतः प्रस्तुत अनुसन्धान झापा जिल्लाका कक्षा चारमा अध्ययनरत शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययनमा केन्द्रित रहेको छ ।

यस पूर्वकार्यको अध्ययनले प्रस्तावित शोधकार्यका लागि सैद्धान्तिक अवधारणा तयार गर्न, उपयुक्त विधि तय गर्न र झापा जिल्लाका कक्षा चारमा अध्ययनरत शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन गर्न पूर्वाधारका रूपमा सहयोग पुगेको हुनाले यस अध्ययनमा उक्त पूर्वकार्यको समीक्षा उपयोगी बनेको छ ।

## सैद्धान्तिक अवधारणा

दुई वा दुईभन्दा बढी व्यक्तिहरू कुनै एक निश्चित विषयमा आबद्ध भई आफ्ना विचारहरू एक आपसमा आदान प्रदान गरी निष्कर्षमा पुग्ने प्रक्रियालाई अन्तरक्रिया भनिन्छ । प्रयोगात्मक नेपाली शब्दकोष (२०६१) अनुसार दुई वा दुईभन्दा बढी व्यक्तिहरू बसी एक आपसमा गरिने छलफल आपसी विचार विमर्श, पारस्परिक सरसल्लाह वा अन्तरसम्वादलाई अन्तरक्रिया भनिन्छ ।

कक्षाकोठामा शिक्षक र विद्यार्थीबिच अथवा विद्यार्थी विद्यार्थीबिच अन्तरक्रिया हुने गर्दछ । अन्तरक्रियामा शिक्षक र विद्यार्थीबिच कसको भूमिका कस्तो रह्यो भन्ने यकिन गर्न शिक्षक विद्यार्थीको सहभागिता केलाउनु पर्ने हुन्छ । अन्तरक्रिया गर्दा एक आपसमा भावनाको साटासाट हुन्छ । यसबाट आफ्ना भावना वा विचारहरू अरु समक्ष पुग्ने र अरुका भावना वा विचारहरू आफू समक्ष आउने भएकाले अन्तरक्रियामा सहभागी हुने अवसरबाट व्यक्तिमा सहयोगी भावनाको विकास हुनका साथै आपसी समझदारी, मेलमिलाप र नेतृत्त्वदायी सिपको विकास

हुन्छ । यसबाट उनीहरूमा आत्मबलको विकास हुन गई व्यक्तित्त्व विकासमा पनि सहयोग पुग्दछ ।

यस कार्यको पहिलो अनुसन्धान सन् १९३० मा नै कक्षाकोठा अन्तरकियाको विश्लेषण गर्ने कामको सुरुवात गरिएको थियो । सुरुवातको दिनहरूमा यसरी विश्लेषण गर्ने काममा एच. एच. एण्डरसनको नाम अग्रपङ्क्तिमा आउँछ । उनी खास गरी कक्षाकोठाभित्र शिक्षक केन्द्रित र सहभागिता पद्धतिको अध्ययन गर्न रुचाउँथे र त्यसै अनुसारको भरपर्दो तरिका निर्माण गर्न चाहन्थे ।

अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरीमा कसैसँग चीज, विषय वा परिस्थितिको बारेमा गरिएको छलफल कुराकानीलाई अन्तरकिया भनेर सङ्केत गरिएको छ । यसरी अन्तरकियालाई एक आपसमा विचार, ज्ञान, अनुभव आदि आदानप्रदान गर्ने सहज प्रकियाको रूपमा लिन सकिन्छ ।

यसरी अन्तरकियाको उद्देश्य नै विद्यार्थीहरूलाई ज्ञान आर्जन गर्न अग्रसर बनाउनु हो । त्यसैले अन्तरकियाको माध्यमबाट उनीहरूको पूर्वज्ञान र अनुभवको पहिचान गरी जिज्ञासाको माध्यमले थप ज्ञान, सिप, प्रदान गरेर विद्यार्थीहरूमा उत्प्रेरणा प्रदान गर्न अन्तरकियाले सहयोग पुऱ्याउँदछ ।

## कक्षाकोठामा अन्तरकिया

शिक्षकले आफ्ना विद्यार्थीहरुलाई शिक्षण सिकाइ कियाकलाप सञ्चालन गर्ने व्यवस्थित स्थान कक्षाकोठा हो । कक्षाकोठामा शिक्षक र विद्यार्थीका बिच पर्याप्त मात्रामा अन्तरकिया वा छलफल हुनु आवश्यक छ । अन्तरकियाको माध्यमबाट विद्यार्थीका अन्तरनिहित भावनाहरु प्रस्फुटन भई सहज रूपमा ज्ञान, सिप र अनुभवहरु प्राप्त गर्न सजिलो हुन्छ ।

शिक्षकले आफ्ना ज्ञान, अनुभव र विचारहरु दिने र विद्यार्थीले लिने कममा एक आपसमा अन्तरकियाको प्रकिया सम्लग्न हुन्छ । शिक्षकले आफ्नो ज्ञान र अनुभव दिने कममा विद्यार्थीबाट पनि उसको अभिरुचि र पूर्वज्ञानको बारेमा बुझ्नु पर्ने हुन्छ । अन्तरकिया बिना शिक्षक र विद्यार्थीबिच सहज वातावरण सिर्जना हुन

सक्दैन । शिक्षकले कक्षाकोठामा विद्यार्थीसँग अन्तरक्रियाको प्रक्रिया सञ्चालन गर्दा कक्षाका सम्पूर्ण विद्यार्थीहरुलाई समान अवसर प्रदान गर्नु पर्दछ । कक्षाकोठामा जान्ने-नजान्ने, मिहिनेती-अल्छी, लाज मान्ने-नमान्ने विभिन्न स्वभावका विद्यार्थी रहेका हुन्छन् । यी सम्पूर्ण विद्यार्थीहरुलाई अन्तरक्रियामा सहभागी गराउन सकेको खण्डमा मात्र कक्षाकोठामा सहज रूपमा समान रूपले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन सक्दछ ।

कक्षाकोठाको उद्देश्य नै विद्यार्थीहरुलाई ज्ञान आर्जन गर्न अग्रसर बनाउनु हो । त्यसैले अन्तरक्रियाको माध्यमबाट उनीहरुका पूर्वज्ञान र अनुभवको पहिचान गरी जिज्ञासाको माध्यमले थप ज्ञान, सिप शिक्षकले प्रदान गर्नु पर्दछ । शिक्षक र विद्यार्थीबिच जति धेरै अन्तरक्रिया हुन सक्यो त्यति कक्षाकोठाको वातावरण सहज भई शिक्षण सिकाइ प्रभावकारी बन्न पुग्दछ ।

कक्षाकोठामा विभिन्न सामाजिक तथा भाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरु रहेका हुन्छन् । तीमध्ये कुनै विद्यार्थी भाषिक व्यवहारमा सक्षम र प्रतिभाशाली रहेका हुन्छन् भने कुनै भाषिक व्यवहारमा कमजोर वा कम प्रतिभा भएका हुन्छन् । नेपाल एउटा बहुभाषिक मुलुक भएकाले नेपाली भाषा शिक्षण गर्ने क्रममा कसैले पहिलो भाषाका रूपमा नेपाली भाषको अध्ययन गरिरहेका हुन्छन् भने कसैले दोस्रो भाषाका रूपमा नेपाली अध्ययन गरिरहेका हुन्छन् । कक्षामा यी सम्पूर्ण विद्यार्थीबिच अन्तरक्रिया गराउनु आवश्यक छ । यसो गरेमा मात्र ती सम्पूर्ण पृष्ठभूमि भएका विद्यार्थीहरुले समान रूपमा सिकाइ उपलब्धि हासिल गर्न सक्दछन् । कक्षाकोठामा विभिन्न पृष्ठभूमि र रुचि भएका विद्यार्थीहरुको पहिचान र छनोट गरी समूह समूहमा विभाजन गरी अन्तरक्रिणमा सहभागी गराउनु पर्दछ । यसो गरेमा एक अर्काका विचारका साथै ज्ञान र अनुभवहरु आदान प्रदान हुन्छ ।

शिक्षण सिकाइलाई सहज र प्रभावकारी बनाउन तथा विद्यार्थीको रुचि जागृत गराउन कक्षाकोठामा प्रयोग गरिएका शैक्षिक सामग्रीप्रति पनि अन्तरक्रिया हुने गर्दछ । विषय र पाठ्याम्शसँग मिल्दोजुल्दो पत्रपत्रिका, चित्र, तालिका, वाक्यपत्ती, विद्युतीय उपकरण जस्तै : कम्प्युटर, टेप रेकर्डर आदि शैक्षिक सामग्रीहरु कक्षाकोठामा प्रयोग गर्न सकिन्छ । यस्ता विषय सन्दर्भसँग मिल्ने शैक्षिक

सामग्रीबाट विद्यार्थीको बौद्धिक क्षमता बढ्नुका साथै हरेक कुरालाई ध्यान दिएर हेर्ने, सुन्ने बानीको विकास हुन जान्छ जसले कक्षाकोठा सिकाइ अवधिमा व्यक्तिगत अध्ययन कार्यलार्य बढाउँदै विद्यार्थीलाई अन्तरक्रियामा सहभागी हुन मद्धत मिल्दछ ।

## भाषिक सिप शिक्षण प्रविधि

भाषा शिक्षण भनेको भाषा बारेको शिक्षण नभई भाषिक सिपहरूको शिक्षण हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका आधारभूत सिप हुन् । तीमध्ये सुनाइ र पणइ ग्रहणात्मक वा आदानात्मक सिप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिगत वा प्रदानात्मक सिप हुन् । त्यस्तै सुनाइ र बोलाइ मौखिक सिप हुन् भने पढाइ र लेखाइ लिप्यात्मक सिप हुन् । भाषामा मौखिक सिप कमजोर भएमा लिप्यात्मक सिप पनि कमजोर हुन्छ ।

भाषा शिक्षणमा विषयवस्तु गौण र भाषिक सिपहरू प्रमुख रहन्छन् । सुनाय र बोलाइ सरल र पूर्ववर्ती सिपहरू हुन् भने पढाइ र लेखाइ तीभन्दा जटिल र उत्तरवर्ती सिपहरू हुन् । भाषिक सिप वा भाषिक कला विकासका लागि श्रवण कला, पठन कला, वाचन कला र लेखन कलाको स्तरयुक्त विकास आवश्यक मानिन्छ । त्यसकारण विद्यालय तहमा भाषा शिक्षण गर्दा शिक्षकले कक्षाकोठाभित्र उपर्युक्त चारवटै भाषिक सिपहरूको विकासका लागि उपयुक्त किसिमका क्रियाकलापहरूको आयोजन सम्योजन गरी भाषिक सिपहरूको शिक्षण गर्नु पर्दछ ।

## सैद्धान्तिक अवधारणा र यस अध्ययनको अन्तरसम्बन्ध

भाषिक सिप शिक्षणका लागि अन्तरक्रिया अत्यन्त आवश्यक उपागम हो । अन्तरक्रियाले विद्यार्थीहरुमा आपसी सम्बन्धको विकास गर्ने, एक अर्काको बिचमा सहकार्यको वातावरण निर्माण गर्ने र समाजमा आफ्नो अस्तित्व कायम गर्ने सक्षमता प्रदान गर्ने भएकाले भाषिक सिप शिक्षणमा अन्तरक्रिया एक अभिन्न अङ्को रूपमा लिने गरिन्छ ।

यस शोधकार्यमा कक्षा चारमा नेपाली विषय शिक्षणमा शिक्षक विद्यार्थीबिचको अन्तरक्रियाको अवस्था पहिल्याउने प्रयत्न गरिएको छ । यस क्रममा सामुदायिक तथा संस्थागत विद्यालयको अवस्थालाई तुलनात्मक रूपमा छुट्याई निष्कर्षमा पुग्नका लागि सैद्धान्तिक अवधारणा अन्तरगत उल्लेख गरिएका विषयवस्तुसँग अध्ययन क्षेत्रका नमुना छनोटमा परेका विद्यालयहरुका कक्षाकोठामा भएका अन्तरक्रियाहरुलाई अन्तरसम्बन्धित गराई शोधकार्य सम्पन्न गरिएको छ ।

# अध्याय तिन
# विधि तथा अध्ययनको प्रकिया

## अध्ययनको ढाँचा

कुनै पनि कार्य निर्धारित उद्देश्य अनुसार के कसरी सम्पन्न गर्ने भन्ने ढाँचा विधिमा उल्लेख गरेको पाइन्छ । यसले कुनै अध्ययन गरिने विषयमा नमुना छनोट, सामग्री वा तथ्याङ्क सङ्कलन, तयारी, व्याख्या विश्लेषण तथा प्रस्तुतीकरण जस्ता कार्यलाई निर्देशित गर्दछ । प्रस्तुत अध्ययन मूलतः क्षेत्रीय अध्ययन विधिमा आधारित रहेको छ । अध्ययनमा अपनाइएका प्रकियाहरूको उल्लेख निम्नानुसार गरिएको छ ।

## जनसङ्ख्या तथा नमुना छनोट

प्रस्तुत शोधकार्यका लागि झापा जिल्लाका प्राथमिक तह कक्षा चारका तीनओटा सामुदायिक र तीनओटा संस्थागत विद्यालय अन्तरगत रही ती जनसङ्ख्या अन्तरगत रहेका कक्षाहलाई नमुना छनोटका रूपमा लिइएको छ जसमा प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थी नमुना छनोटका लागि लिइएको छ ।

## तथ्याङ्क सङ्कलन

अनुसन्धाताले अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्षेत्र नै तथ्याङ्क सङ्कलनका स्रोतहरू हुन् । अनुसन्धानमा तथ्याङ्क सङ्कलनका स्रोतहरू दुई प्रकारका छन् ।

**क. प्राथमिक स्रोत**

अनुसन्धाता सम्बन्धित क्षेत्रमा आफैं गएर सङ्कलन गरेको सामग्रीलाई प्राथमिक स्रोतको सामग्री भनिन्छ । यस अन्तरगत सर्वेक्षण, अवलोकन, प्रश्नावली, अन्तरर्वाता आदि पर्दछन् ।

**ख. द्वितीय स्रोत**

अन्य अनुसन्धानकर्ताले पहिले गरेका वा अनुसन्धानको क्रममा खोज गरेका अन्य सामग्री द्वितीय स्रोतबाट प्राप्त सामग्री हुन् । यस अन्तरगत सन्दर्भ पुस्तक,

जर्नल, समाचारपत्र, पूर्वकार्यहरू, अध्ययन प्रतिवेदन आदि पर्दछन् ।

## तथ्याङ्क सङ्कलनका साधन

प्रस्तुत अनुसन्धानमा निम्न प्रकारका अनुसन्धानका साधनहरू प्रयोग गरिएको छ ।

**क. प्रश्नावली**

प्रश्नवालीमा शिक्षक र विद्यार्थीलाई छुट्टाछुट्टै प्रश्नहरू भर्न लगाएर उनीहरूका प्रतियोगिताहरूलाई सङ्कलन गरिएको छ । विद्यार्थी प्रश्नवाली विकल्प सहितका दशवटा र शिक्षक प्रश्नावली विकल्पहरूमध्ये १५ वटा रहेका छन् ।

**ख. कक्षा अवलोकन फारम**

प्रस्तुत शोधकार्यको उद्देश्य पूरा गर्नका लागि शोधकर्ता प्रतिनिधि नमुना स्थल गएर कक्षा प्रारम्भ, शैक्षिक सामग्री, शिक्षण विधिहरू, शिक्षक समयको बाँडफाँड शिक्षक विद्यार्थी अन्तरक्रिया आदिका आधारमा अवलोकन फारम भरिएको छ ।

**ग. पूर्व परीक्षण**

प्रस्तुत शोधकार्यका सन्दर्भमा निर्माण गरिएका प्रश्नावली र अवलोकन फारमको उपयोगद्वारा शोधकर्ता प्रतिनिधि नमुना स्थलमा गएर परिक्षण गरिएको छ । पूर्वपरीक्षणका साथै सम्बन्धित विषयको विज्ञहरूसँगको परामर्श र रायका आधारमा उक्त सामग्री सम्शोधन तथा सुधार गरी कार्यान्वयनका लागि अन्तिम रूप दिइएको छ ।

## तथ्याङ्कको व्याख्या विश्लेषण

शोध सामग्रीको कार्यान्वयनपश्चात प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त तथ्यहरूको प्रयोग गरी प्राप्त विवरण, विषय विशेषज्ञद्वारा तयार पारिएका पुस्तक र लेखको अध्ययन, प्रश्नावलीबाट प्राप्त विवरण आदिलाई विज्ञहरूको सल्लाह र सुझाव अनुसार विश्लेषणात्मक तथा तुलनात्मक पद्धतिद्वारा व्याख्या विश्लेषण गरिएको छ ।

# अध्याय चार

# कक्षा चारको शिक्षक विद्यार्थी अन्तरक्रियाको विश्लेषण

## कक्षा सञ्चालनको समग्र स्थिति

तथ्याङ्क सङ्कलनको क्रममा कक्षा अवलोकन फारमको माध्यमले झापा जिल्लाका ६ वटा विद्यालयको प्रत्येकको ५ पटक गरी जम्मा ३० पटक अवलोकन गरिएको छ। प्राप्त सूचनालाई स्तरीकरण गरी ८०% वा सोभन्दा माथिको अवस्थालाई अति उत्तम, ६०% देखि ८०% को अवस्थालाई उत्तम, ४०% देखि ६०% को अवस्थालाई मध्यम र ४०% भन्दा मुनिको अवस्थालाई निम्न श्रेणीमा श्रेणीकरण गरिएको छ । कक्षा अवलोकन फारमका शीर्षक अनुसार प्रत्येकको व्याख्या एवम् विश्लेषण निम्नानुसार गरिएको छ :

## कक्षा प्रारम्भ

कक्षाकोठामा शिक्षकको प्रवेशपश्चात् उसले विभिन्न तरिकाबाट विद्यार्थी ध्यानाकर्षण गर्दै कक्षामा पाठको सुरुवात गर्नु पर्दछ । अध्ययनको क्रममा ३० वटा कक्षा अवलोकन मध्ये निम्नानुसार विवरण पाइएको छ :

तालिका ४.१ : कक्षा प्रारम्भमा अन्तर्क्रियाको अवस्था

| क्र. सं. | कक्षा प्रारम्भ अवस्था | शिक्षकहरू र अवस्था (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उत्तम | उत्तम | मध्यम | निम्न | जम्मा |
| १ | पूर्वपाठमा आधारित | १२.५ | ३३.५ | ४६ | ८ | १०० |
| २ | पाठको तयारी | ८ | ४१.५ | ४७ | ३.५ | १०० |
| ३ | उद्देश्यप्रति स्पष्ट | २०.५ | ५४ | २५.५ | - | १०० |
| ४ | पाठप्रति रुचि | ४६ | ३३ | २१ | - | १०० |
| ५ | कक्षा व्यवस्थापन | ८ | २९ | ३८ | २५ | १०० |
| ६ | सन्दर्भ अनुसार सुरुवात | ३७ | ४१.५ | २१.५ | - | १०० |

स्रोत : स्थलगत अवलोकन, २०७२

माथिको तालिका अनुसार कक्षा ४ मा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरू मध्ये तालिम प्राप्त शिक्षकको कक्षा प्रारम्भ अति उत्तम पाइयो भने अन्य तालिम अप्राप्त शिक्षकहरूको कक्षा प्रारम्भमा अझै सुधार गर्नु पर्ने देखिन्छ । पाठको सुरुवात प्रत्येक कक्षामा पूर्वपाठमा आधारित विषयवस्तुबाट सुरु गरेको पाइयो । कक्षाकोठाको आकार र फर्निचरको व्यवस्थापनमा अझै सुधार गर्नुपर्ने देखिएको छ । केही कक्षाहरूमा पाठयोजना निर्माण भए पनि धेरैमा दैनिक पाठयोजना निर्माण गरी कक्षाकोठामा तयारी साथ प्रवेश गरेमा शिक्षण प्रभावकारी बन्नेछ ।

## शैक्षिक सामग्री प्रयोग

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ । अध्ययनको क्रममा कक्षा अवलोकन गरिएका कक्षाहरूमा शैक्षिक सामग्रीको प्रयोगको स्थिति निम्नानुसार पाइएको छ :

तालिका ४.२ : शैक्षिक सामग्रीको प्रयोगको अवस्था

| क्र. सं. | शैक्षिक सामग्री | अवस्था (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उत्तम | उत्तम | मध्यम | निम्न | जम्मा |
| १ | दैनिक प्रयोगका सामग्री | ३३ | ४२ | २५ | – | १०० |
| २ | चार्ट/चित्र तालिका | – | २९ | ४६ | २५ | १०० |
| ३ | फ्लाटिन बोर्ड गोजी तालिका | ८ | २९ | ३८ | २५ | १०० |
| ४ | ग्राफ/पत्रपत्रिका | – | – | २५ | ७५ | १०० |
| ५ | शब्दपत्ती/अर्थपत्ती | ३३ | ३७.५ | २०.५ | ९ | १०० |

स्रोत : स्थलगत अवलोकन, २०७२

समग्रमा शैक्षिक सामग्रीको रूपमा प्रायः जसो सबै कक्षाहरूमा बोर्ड मार्कर, डस्टर र सेतोपाटी जस्ता दैनिक प्रयोगका सामग्री नै बढी प्रयोग भएको देखिन्छ । शिक्षक आफैंले निर्माण नगरेर वा विद्यालयको पनि कतिपय सामग्रीको अभाव देखाइएको हुँदा प्रभावकारी शैक्षिक सामग्रीको प्रयोग न्यून देखिन्छ । कक्षा ४ मा

नेपाली भाषा शिक्षण गर्दा अति आवश्यक देखिने गोजीतालिका पनि केही विद्यालयमा नभएको पाइयो ।

शब्दार्थ शिक्षण गर्दा केही कक्षामा शब्दपत्ती र अर्थ वा वाक्यपत्तीहरू प्रयोग गरिएको पाइन्छ । चित्र वा तालिकाहरू पुस्तकको मात्र देखाइएको छ । यस्ता चित्र वा तालिकाहरू अन्य स्रोतबाट पनि निर्माण गरी देखाउन सके अझै प्रभावकारी हुने देखिन्छ ।

## शिक्षण विधि

शिक्षकले विद्यार्थीलाई शिक्षण सिकाइ कियाकलाप सञ्चालन गर्दा प्रदर्शन, छलफल जस्ता विभिन्न शिक्षण विधिहरूको प्रयोग गर्नुपर्ने हुन्छ । पाठको प्रकृति अनुसार फरक फरक किसिमका शिक्षण विधिको प्रयोग गरिनु पर्ने हुन्छ । अवलोकन गरिएका कक्षाहरूमा प्रयोग भएका शिक्षण विधिहरूलाई निम्नानुसार तालिकामा देखाइएको छ :

तालिका ४.३ : शिक्षण विधिको प्रयोग

| क.सं. | शिक्षण विधिहरू | अवस्था (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उत्तम | उत्तम | मध्यम | निम्न | जम्मा |
| १ | प्रदर्शन | – | १२.५ | २०.५ | ६७ | १०० |
| २ | छलफल | १६.५ | २९ | ४६ | ७.५ | १०० |
| ३ | व्याख्यान | ३३ | ३७.५ | २९.५ | – | १०० |
| ४ | प्रश्नोत्तर | १६.५ | ३३ | ३४ | १६.५ | १०० |
| ५ | भूमिका निर्वाह | – | – | २५ | ७५ | १०० |
| ६ | समस्या समाधान | – | १६.५ | ३७.५ | ४६ | १०० |
| ७ | अभ्यास | १२.५ | २१ | ४१.५ | २५ | १०० |
| ८ | खेल/खोज | – | – | १६.५ | ८३.५ | १०० |

स्रोत : स्थलगत अवलोकन, २०७२

माथिको तालिकाबाट अध्ययनको क्रममा प्रायः जसो सबै कक्षाहरूमा परम्परागत शिक्षा प्रणालीमा रहेको व्याख्यान विधिको बढी प्रयोग भएको पाइन्छ ।

व्याख्यान विधिबाट शिक्षक मात्र कक्षाकोठामा एकोहोरो रूपमा बोलिरहेकोले विद्यार्थीका प्रतिभा र क्षमता विकास हुने अवसर कम हुन्छ । अन्तरक्रियात्मक विधिको रूपमा छलफल र प्रश्नोत्तर विधिको केही प्रयोग भएको पाइएको छ । समस्या समाधान, भूमिका निर्वाह, खोज जस्ता शिक्षण विधिको प्रयोग नगण्य मात्रामा देखिन्छ । यसैले शिक्षक-विद्यार्थी अन्तरक्रियाका लागि व्याख्यान विधिभन्दा प्रश्नोत्तर, छलफल, समस्या समाधान, खोज जस्ता विधिहरूको माध्यमबाट विद्यार्थीलाई अन्तरक्रियामा सहभागी गराउनु पर्ने देखिएको छ ।

## शिक्षक-विद्यार्थी सहभागी समयको बाँडफाँड

यस अध्ययनको प्रमुख उद्देश्य नै शिक्षक र विद्यार्थी सहभागिताको समयावधिका बारेमा अध्ययन गर्नु रहेको छ । कक्षाकोठामा जम्मा समयमध्ये शिक्षक र विद्यार्थी के कति समय अन्तरक्रियामा सहभागी भए वा शिक्षक कति समय बोले ? र विद्यार्थी कति समय बोले ? भन्ने बारेमा अध्ययन गरिएको छ । अवलोकन गरिएको कक्षामा शिक्षक र विद्यार्थी सहभागिता समय निम्नानुसार देखिएको छ :

तालिका ४.४ : शिक्षक विद्यार्थी सहभागिता

| क.सं. | विवरण | समय (प्रतिशतमा) |
|---|---|---|
| | शिक्षक सहभागिता | |
| १ | पाठ्यवस्तु पढाउँदा लाग्ने समय | ३३ |
| २ | शैक्षिक सामग्री देखाउँदा लाग्ने समय | १० |
| ३ | गृहकार्य हेर्दा लाग्ने समय | २४ |
| | शिक्षक सक्रिय भएको जम्मा समय | ६७ |
| | विद्यार्थी सहभागिता | |
| १ | जान्ने विद्यार्थी मात्र बोल्ने समय | १८ |
| २ | अगाडि बस्ने विद्यार्थीहरू मात्र बोल्ने समय | १० |
| ३ | कमजोर विद्यार्थी (अन्य) बोल्ने समय | ५ |
| | विद्यार्थी सक्रिय भएको जम्मा समय | ३३ |

स्रोत : स्थलगत अवलोकन, २०७२

माथिको तालिका अनुसार कक्षाकोठामा शिक्षक कुल समयको ६७% समय सक्रिय हुने गर्दछन् । यसमध्ये कुल समयको ३३% समय पाठ्यवस्तु पढाउँदा, १०% समय शैक्षिक सामग्री देखाउँदा र २४% समय गृहकार्य हेर्दा लाग्ने गरेको पाइन्छ । विद्यार्थीले जम्मा समयमध्ये ३३% समयमा मात्र सक्रिय हुने गरेको पाइन्छ । यसमा पनि जम्मा समयको १८% समय जान्ने विद्यार्थी मात्र र १०% समय अगाडि बसेका विद्यार्थी मात्र सक्रिय हुने गरेको पाइन्छ र कमजोर तथा अन्य विद्यार्थीहरूले जम्मा ५% समय मात्र प्राप्त गरेका छन् ।

समग्रमा कक्षा शिक्षणमा शिक्षकले बढी समय लिएको पाइन्छ । शिक्षकले बोल्ने समयको आधा समय मात्र विद्यार्थीले बोल्ने अवसर पाएको देखिन्छ । विद्यार्थीमा पनि कक्षामा जान्ने र अगाडि बसेका विद्यार्थीले मात्र धेरै समय बोल्ने अवसर पाएका छन् ।

शिक्षकले प्रश्न र अन्तरक्रिया गर्दा जान्ने विद्यार्थी र अगाडि बसेका विद्यार्थीलाई मात्र जोड दिइएको पाइन्छ । वास्तवमा शिक्षण क्रियाकलापमा कमजोर र पछाडि बस्ने विद्यार्थीलाई बढी प्रश्नोत्तर एवम् अन्तरक्रियामा सहभागी गराउनु पर्ने देखिन्छ ।

## शिक्षक विद्यार्थी सहभागिताको प्रवृत्ति

शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको उपस्थिति के कस्तो छ, क्रियाकलापमा शिक्षक र विद्यार्थीको सहभागिता के कस्तो छ ? भनी यस शीर्षकले अध्ययन गरेको छ । अवलोकन गरिएका कक्षाहरूमा शिक्षक विद्यार्थीको सहभागिता निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ४.५ : शिक्षक विद्यार्थी सहभागिताको प्रवृत्ति

| क्र. सं. | सहभागिताको प्रवृत्ति | अवस्था (प्रतिशत) | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उत्तम | उत्तम | मध्यम | निम्न | जम्मा |
| १ | विद्यार्थीको उपस्थिति | ३८ | ३२ | २२ | ८ | १०० |
| २ | विद्यार्थीहरूको बराबर सहभागिता | १४ | ८ | ३४ | ४४ | १०० |
| ३ | शिक्षक र विद्यार्थीको सहभागिता | २० | ३० | ४२ | ८ | १०० |

स्रोत : स्थलगत अवलोकन, २०७२

माथिको तालिका अनुसार अध्ययन गरिएका सम्पूर्ण कक्षाहरू मध्ये ३८% कक्षामा विद्यार्थीहरूको उपस्थिति ८०% भन्दा बढी अर्थात अति उत्तम, ३२% कक्षामा विद्यार्थीहरूको उपस्थिति उत्तम अर्थात ६०% देखि ८०%, २२% कक्षामा विद्यार्थीहरूको उपस्थिति मध्यम अर्थात ४०% देखि ६०% र ८% कक्षामा विद्यार्थीहरूको उपस्थिति निम्न अर्थात ४०% भन्दा कम पाइएको छ । यसबाट उक्त कक्षामा विद्यार्थीको उपस्थिति अनियमित भएको पाइन्छ । यसै गरी विद्यार्थीहरूको जान्ने-नजान्ने छात्र-छात्रा अगाडि-पछाडि, अन्तरक्रिया सहभागिता पूर्ण रूपमा भएको पाइएन । जम्मा अध्ययन गरेको कक्षाको १४% कक्षामा विद्यार्थीहरूको अति उत्तम सहभागिता पाइयो भने ८% कक्षामा उत्तम, ३४% कक्षामा मध्यम र ४४% कक्षामा निम्न सहभागिता पाइयो । यसबाट कक्षाका सम्पूर्ण विद्यार्थी अन्तरक्रियामा बराबर सहभागी हुने अवसर नभएको देखिन्छ । शिक्षक र विद्यार्थीको कक्षाकोठामा भएको सहभागितालाई हेर्ने हो भने शिक्षक विद्यार्थीको बराबर वा पूर्ण सहभागिता पाइएन । जम्मा अवलोकन गरिएको कक्षा मध्ये २०% कक्षामा शिक्षक विद्यार्थीको सहभागिता अति उत्तम पाइयो भने ३०% कक्षामा उत्तम, ४२% कक्षामा मध्यम र ८% कक्षामा निम्न सहभागिता रहेको पाइएको छ । यसबाट कक्षामा शिक्षकभन्दा विद्यार्थीलाई बढी अन्तरक्रियामा सहभागी गराउनु पर्ने देखिन्छ ।

## शिक्षक विद्यार्थी अन्तरक्रिया

यस अध्ययनको उद्देश्य अन्तर्गत शिक्षक-विद्यार्थी अन्तरक्रियाको प्रकृति अध्ययन गर्नु रहेकोले यसलाई महत्त्वपूर्ण रूपमा लिइएको छ । कक्षाकोठामा शिक्षक र

विद्यार्थीबिच के कति मात्रामा अन्तरक्रिया भए भन्ने विश्लेषण यहाँ गरिन्छ । कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कका आधारमा निम्नानुसार शिक्षक विद्यार्थी अन्तरक्रियाको विश्लेषण गरिएको छ :

तालिका ४.६ : शिक्षक विद्यार्थी अन्तरक्रिया

| क्र. सं. | अन्तरक्रियाको प्रवृत्ति | अवस्था (प्रतिशत) अति उत्तम | उत्तम | मध्यम | निम्न | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शिक्षक-विद्यार्थी अन्तरक्रिया | ३७.५ | २०.५ | ४२ | - | १०० |
| २ | विद्यार्थी-विद्यार्थी अन्तरक्रिया | ८ | १६.५ | ३३.५ | ४२ | १०० |

स्रोत : स्थलगत अवलोकन, २०७२

माथिको तालिका अनुसार अवलोकन गरिएका ३० वटा कक्षामध्ये ३७.५% कक्षामा शिक्षक विद्यार्थीबिच अन्तक्रियाको अवस्था अति उत्तम रहेको पाइयो भने २०.५% कक्षामा उत्तम र ४२% कक्षामा शिक्षक विद्यार्थीबिच अन्तरक्रियाको अवस्था मध्यम पाइयो । यसबाट शिक्षण क्रियाकलापमा शिक्षकको सक्रियता बढी रहेको देखिन्छ । विद्यार्थी-विद्यार्थीबिचको अन्तक्रियाको सम्बन्धमा जम्मा कक्षामध्ये ८% कक्षामा विद्यार्थी-विद्यार्थीबिचको अन्तरक्रियाको अवस्था अति उत्तम, १६.५% कक्षामा उत्तम, ३३.५% कक्षामा मध्यम र ४२.०% कक्षामा निम्न पाइएको छ ।

यस तथ्याङ्कको विश्लेषणबाट कक्षाकोठामा शिक्षक विद्यार्थीबिच अन्तरक्रिया हुने गरेको तर शिक्षक मात्र पढाउन व्यस्त रहने एकोहोरो अन्तरक्रिया बढिरहेको देखिन्छ । विद्यार्थी-विद्यार्थीबिचमा पनि विभिन्न अन्तरक्रिया गराएर उनीहरूका भावना ज्ञान, सीप र अनुभव आदन-प्रदान गर्नुपर्ने हुन्छ तर धेरै जसो कक्षामा विद्यार्थी-विद्यार्थीबिच अन्तरक्रिया गराएको नै पाइएन । केही कक्षाहरूमा पहिलो कक्षा अवलोकनभन्दा दोस्रो कक्षा अवलोकनमा विद्यार्थीकाबिच केही अन्तरक्रिया गराएको पाइयो । यसबाट शिक्षण सिकाइ क्रियाकलापमा बढ भन्दा बढी विद्यार्थीहरूलाई अन्तरक्रिया सहभागि गराउनु पर्ने देखिन्छ ।

## पाठ्यवस्तु अनुरूप कियाकलाप

प्रस्तुत अध्ययनको प्रमुख विषयवस्तु शिक्षक-विद्यार्थी अन्तरकियाको अध्ययन रहे तापनि उक्त कक्षामा पाठ्यवस्तु अनुरूप शिक्षण कियाकलाप भए नभएको बारेमा अध्ययन गर्न केही अन्तरकियासँग सम्बन्धित बुँदाहरू मात्र यसमा समेटिएको छ ।

नेपाली भाषा शिक्षणमा विशेष गरी कक्षा ४ को नेपाली पाठ्यपुस्तकमा कविता, कथा निबन्ध, सम्वाद, जीवनी, चिठ्ठी आदि विधाहरू र व्याकरणलाई समवेश गरिएको छ । अवलोकन गरिएका कक्षाहरूमा संवाद, कथा र जीवनी विधा तथा पर्यायवाची शब्द, निपात, उखान टुक्का जस्ता व्याकरणात्मक पक्षका बारेमा शिक्षण गरिएको थियो । अवलोकन गरिएका कक्षाहरूमा पाठ्यवस्तु अनुरूप कियाकलाप भए नभएको बिश्लेषण सामान्य रूपमा निम्नानुसार गरिएको छ :

तालिका ४.७ : कियाकलापहरू

| क. सं. | सहभागिताको प्रवृत्ति | अवस्था (प्रतिशत) | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उत्तम | उत्तम | मध्यम | निम्न | जम्मा |
| १ | दैनिक पाठयोजना अनुसार | १६.५ | २१ | ५४.५ | ८.० | १०० |
| २ | सबै विद्यार्थीलाई समेट्ने | ८ | १२.५ | ४२ | ३७.५ | १०० |
| ३ | विद्यार्थीलाई प्रश्न गर्ने | १२.५ | १६.५ | ४२ | २९ | १०० |
| ४ | प्राप्त उत्तर कालोपाटीमा लेख्ने | २५ | ३० | ३७ | ८ | १०० |

स्रोत : स्थलगत अवलोकन, २०७२

माथिको तालिका अनुसार दैनिक पाठयोजनाको निर्माण गरी शिक्षण सिकाइ कियाकलाप सञ्चालन गर्नेमा जम्मा अवलोकन गरिएका कक्षा मध्ये १६.६% को अवस्था अति उत्तम पाइयो भने २१% उत्तम, ५४.५% मध्यम र ८% को अवस्था निम्न स्तरको रहेको पाइयो ।

शिक्षण कियाकलाप सञ्चालन गर्दा सबै विद्यार्थीहरूलाई समेट्ने सवालमा ८% अति उत्तम, १२.५% उत्तम, ४२% मध्यम र ३७.५% को निम्न अवस्था पाइयो ।

त्यसरी नै विद्यार्थीहरूलाई प्रश्न गर्ने सवालमा अति उत्तम, उत्तम, मध्यम र निम्न क्रमशः १२.५%, १६.५%, ४२% र २९% पाइयो भने प्राप्त उत्तरलाई कालोपाटीमा लेख्ने सवालमा क्रमशः २५%, ३०%, ३७% र ८% को अवस्था अति उत्तम, उत्तम, मध्यम र निम्न पाइयो ।

यसबाट अधिकांश कक्षाहरूमा योजनाविहीन शिक्षण भएको, सबै विद्यार्थीहरू नसमेटिएको, विद्यार्थीहरूलाई प्रश्न नसोधिएको र शिक्षकले एकोहोरो रूपमा भट्याएर पढाउने गरेको देखिन्छ । कक्षामा शिक्षण गर्नुपूर्व शिक्षकले योजना निर्माण गर्ने र कक्षा शिक्षणमा योजनाबद्ध ढङ्गले सबै विद्यार्थीहरूलाई समान अवसर दिई क्रियाकलापयुक्त शिक्षण सिकाइ सञ्चालन गर्न सके शिक्षणको उद्देश्य प्राप्ति हुने देखिन्छ ।

## कक्षा सञ्चालनको तुलनात्मक अवस्था

प्रस्तुत अध्ययन सम्पन्न गर्नका लागि नमुना छनोटमा परेका ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयहरूमा कक्षा ४ को नेपाली विषय शिक्षणमा शिक्षक-विद्यार्थी अन्तरक्रियाको तुलनात्मक अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## कक्षा प्रारम्भको तुलना

कक्षाकोठामा शिक्षकको प्रवेश पश्चात् उसले विभिन्न तरिकाबाट विद्यार्थी ध्यानाकर्षण गर्दै कक्षामा पाठको सुरुवात गर्नु पर्दछ । अध्ययनको क्रममा ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयहरूमा प्रत्येक विद्यालयमा ५ वटा कक्षा अवलोकन गर्दा निम्नानुसार विवरण पाइएको छ :

तालिका ४.८ : कक्षा प्रारम्भको तुलना

| क्र. सं. | कक्षा प्रारम्भ | अवस्था (प्रतिशतमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | | | | संस्थागत | | | |
| | | अति उत्तम | उत्तम | मध्यम | निम्न | अति उत्तम | उत्तम | मध्यम | निम्न |
| १ | पूर्वपाठमा आधारित | १२.५ | ३३.५ | ४६ | ८ | २० | ३० | ४० | १० |
| २ | पाठको तयारी | ८ | ४१.५ | ४७ | ३.५ | १२ | ४८ | ३५ | ५ |
| ३ | उद्देश्यप्रति स्पष्ट | २०.५ | ५४ | २५.५ | - | २५.५ | ३०.५ | ५ | - |
| ४ | पाठप्रति रुचि | ४६ | ३३ | २१ | - | ५० | ३५ | १५ | - |
| ५ | कक्षा व्यवस्थापन | ८ | २९ | ३८ | २५ | १५ | ३० | ४० | १५ |
| ६ | सन्दर्भ अनुसार सुरुवात | ३७ | ४१.५ | २१.५ | - | ४० | ४५ | १५ | - |

स्रोत : स्थलगत अवलोकन, २०७२

माथिको तालिका अनुसार कक्षा ४ मा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरू मध्ये कक्षा प्रारम्भका सबै पक्षहरूमा सामुदायिक विद्यालयका शिक्षकहरूको तुलनामा संस्थागत विद्यालयका शिक्षकहरू अगाडि रहेको देखिन्छ । अति उत्तम वर्गमा पूर्वपाठमा आधारित, पाठको तयारी, उद्देश्यप्रति स्पष्ट, पाठप्रति रुचि, कक्षा व्यवस्थापन र सन्दर्भ अनुसार सुरुवात पक्षहरूमा संस्थागत विद्यालयका शिक्षकहरूको प्रतिशत क्रमशः २०, १२, २५.५, ५०, १५ र ४० पाइयो भने सामुदायिक विद्यालयका शिक्षकहरूमा यो प्रतिशत क्रमशः १२.५, ८, २०.५, ४६, ८ र ३७ पाइएको छ । त्यसरी नै उत्तम वर्गमा उपर्युक्त पक्षहरूमा संस्थागत विद्यालयका क्रमशः ३०, ४८, ३०.५, ३५, ३० र ४५ प्रतिशत शिक्षकहरू परेको पाइयो भने सामुदायिक विद्यालयका क्रमशः ३३.५, ४१.५, ५४.५, ३३, २९ र ४१.५ प्रतिशत शिक्षकहरू परेको पाइयो । तर मध्यम र निम्न वर्गमा संस्थागत विद्यालयका शिक्षकहरूको तुलनामा सामुदायिक विद्यालयका शिक्षकहरू बढी प्रतिशतमा पर्नुले संस्थागत विद्यालयमा सामुदायिक विद्यालयको तुलनामा कक्षा सुरुवात राम्रो ढङ्गले हुने गरेको देखिन्छ ।

## शैक्षिक सामग्री प्रयोगको तुलना

शिक्षण सिकाइ कियाकलापलाई प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ । अध्ययनको कममा कक्षा अवलोकन गरिएका कक्षाहरूमा शैक्षिक सामग्रीको प्रयोगको स्थिति निम्नानुसार पाइएको छ :

तालिका ४.९ : शैक्षिक सामग्रीको प्रयोगको तुलना

| क्र. सं. | शैक्षिक सामग्री | अवस्था (प्रतिशतमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | | | | संस्थागत | | | |
| | | अति उत्तम | उत्तम | मध्यम | निम्न | अति उत्तम | उत्तम | मध्यम | निम्न |
| १ | दैनिक प्रयोगका सामग्री | ६० | २० | १२ | ८ | २५ | २० | ३० | २५ |
| २ | चार्ट/चित्र, तालिका | २० | ३० | २० | ३० | ३० | ३० | २५ | १५ |
| ३ | फ्लाटिन बोर्ड गोजी तालिका | – | २५ | २० | ५५ | – | ४० | ३५ | २५ |
| ४ | ग्राफ/पत्रपत्रिका | – | – | २५ | ७५ | – | – | ३० | ७० |
| ५ | शब्दपत्ती/अर्थपत्ती | ३० | २५ | २० | २५ | ४० | २५ | २० | १५ |

स्रोत : स्थलगत अवलोकन, २०७२

शैक्षिक सामग्रीको प्रयोगको अवस्थालाई हेर्दा सामुदायिक विद्यालयहरूभन्दा संस्थागत विद्यालयहरूमा केही बढी मात्रामा शैक्षिक सामग्रीको प्रयोग भएको पाइयो । दैनिक प्रयोगका सामग्री बाहेक चार्ट/चित्र, तालिकाको प्रयोग ३०% संस्थागत विद्यालयका शिक्षकहरूले राम्ररी गरेको पाइयो भने २०% मात्र सामुदायिक विद्यालयका शिक्षकले उक्त सामग्री राम्रोसँग प्रयोग गरेको देखिन्छ । त्यसरी नै अन्य शैक्षिक सामग्रीको प्रयोगमा पनि अति उत्तम, उत्तम वा मध्यम वर्गमा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका बढी प्रतिशत शिक्षकहरू परेको देखिन्छ भने निम्न वर्गमा सामुदायिक विद्यालयका शिक्षकहरू बढी प्रतिशत परेको देखिन्छ ।

## शिक्षण विधिको तुलना

शिक्षकले विद्यार्थीलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विभिन्न शिक्षण विधिहरूको प्रयोग गर्नुपर्ने हुन्छ । पाठको प्रकृति अनुसार फरक फरक किसिमका शिक्षण विधिको प्रयोग गरिनु पर्ने हुन्छ । अध्ययनका क्रममा सामुदायिक र संस्थागत विद्यालयहरूमा अवलोकन गरिएका कक्षाहरूमा प्रयोग भएका शिक्षण विधिहरूलाई निम्नानुसार तालिकामा देखाइएको छ :

तालिका ४.१० : शिक्षण विधिको तुलना

| | | अवस्था (प्रतिशतमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. | | सामुदायिक | | | | संस्थागत | | | |
| सं. | शिक्षण विधिहरू | अति उत्तम | उत्तम | मध्यम | निम्न | अति उत्तम | उत्तम | मध्यम | निम्न |
| १ | प्रदर्शन | – | १५ | २० | ६५ | – | १७ | १८ | ६५ |
| २ | छलफल | ४०.५ | ३५.५ | १० | १४ | ३० | ३२ | २० | १८ |
| ३ | व्याख्यान | ५० | ३० | २० | – | ४५ | ४० | १५ | – |
| ४ | प्रश्नोत्तर | २० | २५ | ३० | २५ | ५० | ३२ | १० | ८ |
| ५ | भूमिका निर्वाह | – | – | ५ | ९५ | – | – | २० | ८० |
| ६ | समस्या समाधान | – | ६५ | २० | १५ | – | ६५ | २५ | १० |
| ७ | अभ्यास | १०.५ | २५.५ | १४ | ५० | १८ | ३२ | १६ | ३४ |
| ८ | खेल/खोज | – | – | १० | ९० | – | – | २५ | ७५ |

स्रोत : स्थलगत अवलोकन, २०७२

माथिको तालिका अनुसार सामुदायिक तथा संस्थागत दुवै किसिमका विद्यालयहरूमा परम्परागत व्याख्यान विधिको बाहुल्य रहेको देखिन्छ । अन्य विधिहरूमा छलफल विधिको प्रयोग राम्रोसँग गर्ने सामुदायिक विद्यालयका ४०.५% शिक्षकहरू पाइयो भने संस्थागत विद्यालयका ३०% शिक्षकहरू यस वर्गमा पाइयो । प्रश्नोत्तर विधिको प्रयोगमा संस्थागत विद्यालयका ५०% शिक्षकहरू अति उत्तम वर्गमा पाइयो भने सामुदायिक विद्यालयका २०% शिक्षकहरू मात्र यस वर्गमा

पाइयो । भूमिका निर्वाह, समस्या समाधान र खेल/खोज विधिको प्रयोगमा दुवै किसिमका विद्यालयका शिक्षकहरू कमजोर रहेको पाइयो । समस्या समाधान विधिको प्रयोगमा दुवै किसिमका विद्यालयहरूका बहुसङ्ख्यक शिक्षकहरू (६५%) उत्तम वर्गमा पाइयो । छलफल विधिको प्रयोग गर्नेमा सामुदायिक विद्यालयका ३५.५% र संस्थागत विद्यालयका ३२% शिक्षकहरू उत्तम वर्गमा रहेको पाइयो । प्रदर्शन विधिको प्रयोगमा दुवै किसिमका विद्यालयका ६५% शिक्षकहरू निम्न वर्गमा परेको पाइयो । त्यसरी नै खेल/खोज विधिको प्रयोगमा सामुदायिक विद्यालयका १०% शिक्षकहरू मध्यम र ९०% शिक्षकहरू निम्न वर्गमा रहेको पाइयो भने संस्थागत विद्यालयका २५% शिक्षकहरू मध्यम र ७५% शिक्षकहरू निम्न वर्गमा रहेको पाइयो ।

## शिक्षक विद्यार्थी सहभागी समयको बाँडफाँडको तुलना

यस अध्ययनको प्रमुख उद्देश्य नै शिक्षक र विद्यार्थी सहभागिताको समयावधिका बारेमा अध्ययन गर्नु रहेको छ । कक्षाकोठामा जम्मा समयमध्ये शिक्षक र विद्यार्थी के कति समय अन्तरक्रियामा सहभागी भए वा शिक्षक कति समय बोले ? र विद्यार्थी कति समय बोले ? भन्ने बारेमा अध्ययन गरिएको छ । नमुना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयका अवलोकन गरिएका कक्षामा शिक्षक र विद्यार्थी सहभागिता समय निम्नानुसार देखिएको छ :

तालिका ४.११ : शिक्षक विद्यार्थी सहभागिताको तुलना

| क्र.सं. | विवरण | समय (प्रतिशतमा) सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|---|
| | शिक्षक सहभागिता | | |
| १ | पाठ्वस्तु पढाउँदा लाग्ने समय | ३० | ३५ |
| २ | शैक्षिक सामग्री देखाउँदा लाग्ने समय | १५ | १० |
| ३ | गृहकार्य हेर्दा लाग्ने समय | २५ | १५ |
| | शिक्षकले बोलेको जम्मा समय | ७० | ६० |
| | विद्यार्थी सहभागिता | | |
| १ | जान्ने विद्यार्थी मात्र बोल्ने समय | १४ | २० |
| २ | अगाडि बस्ने विद्यार्थीहरू मात्र बोल्ने समय | १० | १५ |
| ३ | कमजोर विद्यार्थी (अन्य) बोल्ने समय | ६ | १५ |
| | विद्यार्थीले बोलेको जम्मा समय | ३० | ४० |

स्रोत : स्थलगत अवलोकन, २०७२

माथिको तालिका अनुसार कक्षाकोठामा शिक्षकले बोलेको समय सामुदायिक विद्यालयमा ७०% र संस्थागत विद्यालयमा ६०% पाइन्छ । भने पाठ्यवस्तु पढाउँदा शिक्षकले सामुदायिक विद्यालयमा ३०% र संस्थागत विद्यालयमा ३५% समय खर्च गरेको देखिन्छ । शिक्षकले शैक्षिक सामग्री प्रदर्शनमा सामुदायिक विद्यालयमा १५% र संस्थागत विद्यालयमा १०% समय लगाएको देखिन्छ । गृहकार्य हेर्दा सामुदायिक विद्यालयका शिक्षकलाई २५% र संस्थागत विद्यालयका शिक्षकलाई १५% समय लागेको देखिन्छ । यसरी सामुदायिक विद्यालयका शिक्षक कुल समयको ७०% समय र संस्थागत विद्यालयका शिक्षक कुल समयको ६०% समय बोल्ने गर्दछन् ।

विद्यार्थीले बोल्ने समयको सन्दर्भमा सामुदायिक विद्यालयका विद्यार्थीले जम्मा समयको ३०% र संस्थागत विद्यालयका विद्यार्थीले ४०% समय बोलेको देखिन्छ । जान्ने विद्यार्थी मात्र सामुदायिक विद्यालयमा जम्मा समयको १४% र

संस्थागत विद्यालयमा २०% बोलेको पाइन्छ । त्यसरी नै अगाडि बस्ने विद्यार्थीहरू मात्र बोलेको समय सामुदायिक विद्यालयमा १०% र संस्थागत विद्यालयमा १५% रहेको देखिन्छ । कमजोर विद्यार्थीहरू बोल्ने समय सामुदायिक विद्यालयमा ६% र संस्थागत विद्यालयमा १५% रहेको तथ्याङ्कले देखाएको छ ।

## शिक्षक विद्यार्थी सहभागिताको प्रवृत्तिको तुलना

शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको उपस्थिति के कस्तो छ, क्रियाकलापमा शिक्षक र विद्यार्थीको सहभागिता के कस्तो छ ? भनी यस शीर्षकले अध्ययन गरेको छ । सामुदायिक र संस्थागत विद्यालयका अवलोकन गरिएका कक्षाहरूमा शिक्षक विद्यार्थीको सहभागितालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ४.१२ : शिक्षक विद्यार्थी सहभागिताको प्रवृत्तिको तुलना

| | | अवस्था (प्रतिशतमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | सहभागिताको प्रवृत्ति | सामुदायिक | | | | संस्थागत | | | |
| | | अति उत्तम | उत्तम | मध्यम | निम्न | अति उत्तम | उत्तम | मध्यम | निम्न |
| १ | विद्यार्थीको उपस्थिति | ४० | ५ | ५५ | – | ३० | १० | ६० | – |
| २ | विद्यार्थीहरूको बराबर सहभागिता | – | ४० | ६० | – | – | ४७ | ५३ | – |
| ३ | शिक्षक र विद्यार्थीको सहभागिता | – | २९ | ६० | ११ | – | ४० | ४९ | ११ |

स्रोत : स्थलगत अवलोकन, २०७२

माथिको तालिका अनुसार अध्ययन गरिएका सम्पूर्ण कक्षाहरू मध्ये सामुदायिक विद्यालयहरूमा ४०% र संस्थागत विद्यालयहरूमा ३०% कक्षामा विद्यार्थीहरूको उपस्थिति अति उत्तम रहेको देखिन्छ । ५५% सामुदायिक विद्यालयका कक्षाहरूमा र ६०% संस्थागत विद्यालयहरूका कक्षाहरूमा विद्यार्थी उपस्थिति मध्यम अवस्थाको देखिन्छ ।  कक्षाकोठामा भएको सहभागितालाई हेर्ने हो

भने शिक्षक विद्यार्थीको बराबर वा पूर्ण सहभागिताको अति उत्तम अवस्था कुनै पनि विद्यालयमा पाइएन ।

## शिक्षक विद्यार्थी अन्तरक्रियाको तुलना

सामुदायिक र संस्थागत विद्यालयमा शिक्षक विद्यार्थी अन्तरक्रियाको अवस्था तुलनात्मक रूपमा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४.१३ : शिक्षक विद्यार्थी अन्तरक्रियाको तुलना

| क्र. सं. | सहभागिताको प्रवृत्ति | अवस्था (प्रतिशतमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | | | | संस्थागत | | | |
| | | अति उत्तम | उत्तम | मध्यम | निम्न | अति उत्तम | उत्तम | मध्यम | निम्न |
| १ | शिक्षक-विद्यार्थी अन्तरक्रिया | ३४.५ | २०.५ | ४५ | - | ४५ | ३० | २५ | - |
| २ | विद्यार्थी-विद्यार्थी अन्तरक्रिया | १० | १५ | ३० | ४५ | २५ | ३० | ४० | ५ |

स्रोत : स्थलगत अवलोकन, २०७२

माथिको तालिका अनुसार अवलोकन गरिएका कक्षामध्ये सामुदायिक विद्यालयका ३४.५% र संस्थागत विद्यालयका ४५% कक्षाहरूमा शिक्षक विद्यार्थीबिच अन्तरक्रिया सञ्चालन अति उत्तम भएको पाइयो । त्यसरी नै सामुदायिक विद्यालयका २०.५% र संस्थागत विद्यालयका ३०% कक्षाहरूमा शिक्षक विद्यार्थीबिच अन्तरक्रिया सञ्चालन उत्तम र सामुदायिक विद्यालयका ४५% र संस्थागत विद्यालयका २५% कक्षाहरूमा शिक्षक विद्यार्थीबिच अन्तरक्रिया मध्यम भएको पाइयो ।

यसै गरी सामुदायिक विद्यालयका १०% र संस्थागत विद्यालयका २५% कक्षाहरूमा विद्यार्थी विद्यार्थीबिच अन्तरक्रिया अति उत्तम भएको देखिन्छ भने सामुदायिकका १५% र संस्थागतका ३०% कक्षाहरूमा उत्तम, सामुदायिकका ३०% र संस्थागतका ४०% मा मध्यम र सामुदायिकका ४५% र संस्थागत विद्यालयका ५% कक्षाहरुमा विद्यार्थी विद्यार्थीबिच अन्तरक्रिया सञ्चालनको अवस्था निम्न पाइयो ।

## पाठ्यवस्तु अनुरूप क्रियाकलाप

अवलोकन गरिएका कक्षाहरूमा पाठ्यवस्तु अनुरूप क्रियाकलाप भए नभएको विवरण सामुदायिक र संस्थागत विद्यालयको छुट्टाछुट्टै रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ४.१४ : क्रियाकलापहरूको तुलना

| क्र.सं. | क्रियाकलाप | अवस्था (प्रतिशतमा) सामुदायिक अति उत्तम | सामुदायिक उत्तम | सामुदायिक मध्यम | सामुदायिक निम्न | संस्थागत अति उत्तम | संस्थागत उत्तम | संस्थागत मध्यम | संस्थागत निम्न |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | दैनिक पाठयोजना अनुसार | १५ | २० | ५५ | १० | २० | २५ | ५० | ५ |
| २ | सबै विद्यार्थीलाई समेट्ने | १० | १५ | ४० | ३५ | १५ | २० | ५५ | १० |
| ३ | विद्यार्थीलाई प्रश्न गर्ने | १५ | २० | ४५ | २० | २५ | ३० | ४० | ५ |
| ४ | प्राप्त उत्तर कालोपाटीमा लेख्ने | २० | ३० | ४० | १० | ३५ | ४० | २० | ५ |

स्रोत : स्थलगत अवलोकन, २०७२

माथिको तालिका अनुसार दैनिक पाठयोजनाको निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नेमा जम्मा अवलोकन गरिएका कक्षा मध्ये सामुदायिक विद्यालयका १५% र संस्थागत विद्यालयका २०% शिक्षकहरूको अवस्था अति उत्तम पाइयो भने सामुदायिक विद्यालयका २०% र संस्थागत विद्यालयका २५% को उत्तम, सामुदायिक विद्यालयका ५५% र संस्थागत विद्यालयका ५०% को मध्यम र सामुदायिक विद्यालयका १०% र संस्थागत विद्यालयका ५% को निम्न अवस्था रहेको पाइयो ।

शिक्षण क्रियाकलाप सञ्चालन गर्दा सबै विद्यार्थीहरूलाई समेट्ने सवालमा सामुदायिक विद्यालयका १०% र संस्थागत विद्यालयका १५% अति उत्तम, सामुदायिक विद्यालयका १५% र संस्थागत विद्यालयका २०% उत्तम, सामुदायिक विद्यालयका ४०% र संस्थागत विद्यालयका ५५% मध्यम र सामुदायिक विद्यालयका ३५% र संस्थागत विद्यालयका १०% शिक्षकको निम्न अवस्था पाइयो ।

त्यसरी नै विद्यार्थीहरूलाई प्रश्न गर्ने सवालमा सामुदायिक विद्यालयका १५% र संस्थागत विद्यालयका २५% अति उत्तम, सामुदायिक विद्यालयका २०% र संस्थागत विद्यालयका ३०% उत्तम, सामुदायिक विद्यालयका ४५% र संस्थागत विद्यालयका ४०% को मध्यम र सामुदायिक विद्यालयका २०% र संस्थागत विद्यालयका ५% का निम्न अवस्था पाइयो ।

प्राप्त उत्तरलाई कालोपाटीमा लेख्ने सवालमा सामुदायिक विद्यालयका २०% र संस्थागत विद्यालयका ३५% अति उत्तम, सामुदायिक विद्यालयका ३०% र संस्थागत विद्यालयका ४०% उत्तम, सामुदायिक विद्यालयका ४०% र संस्थागत विद्यालयका २०% को मध्यम र सामुदायिक विद्यालयका १०% र संस्थागत विद्यालयका ५% शिक्षकहरूको निम्न अवस्था पाइयो ।

## प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको विश्लेषण

तथ्याङ्क सङ्कलनको क्रममा छनोटमा परेका ६ वटा विद्यालयका कक्षा ४ मा नेपाली विषय शिक्षण गर्ने शिक्षकहरू र कक्षा ४ मा अध्ययन गर्ने विद्यार्थीहरूबाट प्रश्नावली मार्फत सङ्कलन गरिएको तथ्याङ्कबाट प्राप्त सूचनालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

अध्ययनमा समावेश गरिएका नमुना शिक्षकहरू मध्ये ७५% तालिम प्राप्त र २५% तालिम अप्राप्त पाइएको छ । कक्षा शिक्षणमा १ जनाले व्याख्यान विधि, ३ जनाले छलफल विधि र २ जनाले प्रश्नोत्तर विधि प्रयोग गर्ने बताएका छन् । विद्यार्थी अन्तरक्रिया गराउँदा १ जनाले व्यक्ति व्यक्तिका बिच, २ जनाले समूह समूहका बिच र ३ जनाले व्यक्ति र समूहका बिच गराउने गरेको बताएका छन् । विद्यार्थीलाई प्रश्न सोध्ने सवालमा २ जनाले प्रश्न समूहमा सोधी व्यक्तिबाट उत्तर लिने, २ जनाले जान्ने विद्यार्थीलाई प्रश्न सोधी उत्तर लिने, १ जनाले नजान्ने विद्यार्थीलाई सोधेर उत्तर लिने प्रयास गर्ने र १ जनाले कुनै पनि विद्यार्थीलाई तोकेर सोधेर उत्तर लिने प्रयास गर्ने बताएका छन् ।

कक्षा शिक्षणको समयमा विद्यार्थी सक्रियताको सवालमा ३ जनाले अगाडि बस्ने विद्यार्थी सक्रिय हुने, २ जनाले जान्ने विद्यार्थी सक्रिय हुने र १ जनाले सबै

विद्यार्थी सक्रिय हुने बताएका छन् । विद्यार्थी सक्रियताको समयको सवालमा ३ जना शिक्षकले कक्षाको दोस्रो समय (११ - २० मिनेट) मा, १ जनाले तेस्रो समय (२१ - ३० मिनेट) मा र २ जनाले चौथो समय (३१ - ४० मिनेट) मा विद्यार्थी बढी सक्रिय हुने् बताएका छन् । कक्षामा शिक्षकले बोल्ने समयको सवालमा ३ जनाले १० मिनेटसम्म बोल्ने, १ जनाले ११ देखि २० मिनेटसम्म बोल्ने र २ जनाले २१ देखि ३० मिनेटसम्म बोल्ने बताएका छन् । विद्यार्थीलाई उत्साहित गर्ने सवालमा ३ जनाले प्रश्नकको उत्तर भनिदिएर, १ जनाले अन्तरक्रिया गराएर र २ जनाले उत्तर लेख्न लगाएर उत्साहित गर्ने बताएका छन् ।

# अध्याय पाँच

# उपसंहार

## सारांश

कक्षा ४ मा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरू मध्ये तालिम प्राप्त शिक्षकको कक्षा प्रारम्भ अति उत्तम पाइयो भने अन्य तालिम अप्राप्त शिक्षकहरूको कक्षा प्रारम्भमा अझै सुधार गर्नु पर्ने देखिन्छ । पाठको सुरुवात प्रत्येक कक्षामा पूर्वपाठमा आधारित विषयवस्तुबाट सुरु गरेको पाइयो । कक्षाकोठाको आकार र फर्निचरको व्यवस्थापनमा अझै सुधार गर्नुपर्ने देखिएको छ । केही कक्षाहरूमा पाठयोजना निर्माण भए पनि धेरैमा दैनिक पाठयोजना निर्माण गरी कक्षाकोठामा तयारी साथ प्रवेश गरेमा शिक्षण प्रभावकारी बन्नेछ ।

शैक्षिक सामग्रीको रूपमा प्रायः जसो सबै कक्षाहरूमा बोर्ड मार्कर, डस्टर र सेतोपाटी जस्ता दैनिक प्रयोगका सामग्री नै बढी प्रयोग भएको देखिन्छ । शिक्षक आफैंले निर्माण नगरेर वा विद्यालयको पनि कतिपय सामग्रीको अभाव देखाइएको हुँदा प्रभावकारी शैक्षिक सामग्रीको प्रयोग न्यून देखिन्छ । कक्षा ४ मा नेपाली भाषा शिक्षण गर्दा अति आवश्यक देखिने गोजीतालिका पनि केही विद्यालयमा नभएको पाइयो । शब्दार्थ शिक्षण गर्दा केही कक्षामा शब्दपत्ती र अर्थ वा वाक्यपत्तीहरू प्रयोग गरिएको पाइन्छ । चित्र वा तालिकाहरू पुस्तकको मात्र देखाइएको छ ।

प्रायः जसो सबै कक्षाहरूमा परम्परागत शिक्षा प्रणालीमा रहेको व्याख्यान विधिको बढी प्रयोग भएको पाइन्छ । अन्तरक्रियात्मक विधिको रूपमा छलफल र प्रश्नोत्तर विधिको केही प्रयोग भएको पाइएको छ । समस्या समाधान, भूमिका निर्वाह, खोज जस्ता शिक्षण विधिको प्रयोग नगण्य मात्रामा देखिन्छ ।

कक्षाकोठामा शिक्षक कुल समयको ६७% समय सक्रिय हुने गर्दछन् । यसमध्ये कुल समयको ३३% समय पाठ्यवस्तु पढाउँदा, १०% समय शैक्षिक सामग्री देखाउँदा र २४% समय गृहकार्य हेर्दा लाग्ने गरेको पाइन्छ । विद्यार्थीले जम्मा समयमध्ये ३३% समयमा मात्र सक्रिय हुने गरेको पाइन्छ । यसमा पनि जम्मा समयको

१८% समय जान्ने विद्यार्थी मात्र र १०% समय अगाडि बसेका विद्यार्थी मात्र सक्रिय हुने गरेको पाइन्छ र कमजोर तथा अन्य विद्यार्थीहरूले जम्मा ५% समय मात्र प्राप्त गरेका छन् ।

शिक्षकले प्रश्न र अन्तरक्रिया गर्दा जान्ने विद्यार्थी र अगाडि बसेका विद्यार्थीलाई मात्र जोड दिइएको पाइन्छ । वास्तवमा शिक्षण क्रियाकलापमा कमजोर र पछाडि बस्ने विद्यार्थीलाई बढी प्रश्नोत्तर एवम् अन्तरक्रियामा सहभागी गराउनु पर्ने देखिन्छ ।

अवलोकन गरिएका सम्पूर्ण कक्षाहरू मध्ये ३८% कक्षामा विद्यार्थीहरूको उपस्थिति ८०% भन्दा बढी अर्थात अति उत्तम, ३२% कक्षामा विद्यार्थीहरूको उपस्थिति उत्तम अर्थात ६०% देखि ८०%, २२% कक्षामा विद्यार्थीहरूको उपस्थिति मध्यम अर्थात ४०% देखि ६०% र ८% कक्षामा विद्यार्थीहरूको उपस्थिति निम्न अर्थात ४०% भन्दा कम पाइएको छ । यसबाट उक्त कक्षामा विद्यार्थीको उपस्थिति अनियमित भएको पाइन्छ । यसै गरी विद्यार्थीहरूको जान्ने-नजान्ने छात्र-छात्रा अगाडि-पछाडि, अन्तरक्रिया सहभागिता पूर्ण रूपमा भएको पाइएन । जम्मा अध्ययन गरेको कक्षाको १४% कक्षामा विद्यार्थीहरूको अति उत्तम सहभागिता पाइयो भने ८% कक्षामा उत्तम, ३४% कक्षामा मध्यम र ४४% कक्षामा निम्न सहभागिता पाइयो । अवलोकन गरिएको कक्षा मध्ये २०% कक्षामा शिक्षक विद्यार्थीको सहभागिता अति उत्तम पाइयो भने ३०% कक्षामा उत्तम, ४२% कक्षामा मध्यम र ८% कक्षामा निम्न सहभागिता रहेको पाइएको छ ।

अवलोकन गरिएका ३० वटा कक्षामध्ये ३७.५% कक्षामा शिक्षक विद्यार्थीबिच अन्तक्रियाको अवस्था अति उत्तम रहेको पाइयो भने २०.५% कक्षामा उत्तम र ४२% कक्षामा शिक्षक विद्यार्थीबिच अन्तरक्रियाको अवस्था मध्यम पाइयो । विद्यार्थी-विद्यार्थीबिचको अन्तक्रियाको सम्बन्धमा जम्मा कक्षामध्ये ८% कक्षामा विद्यार्थी-विद्यार्थीबिचको अन्तरक्रियाको अवस्था अति उत्तम, १६.५% कक्षामा उत्तम, ३३.५% कक्षामा मध्यम र ४२.०% कक्षामा निम्न पाइएको छ ।

दैनिक पाठयोजनाको निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नेमा जम्मा अवलोकन गरिएका कक्षा मध्ये १६.६% को अवस्था अति उत्तम पाइयो भने २१% उत्तम, ५४.५% मध्यम र ८% को अवस्था निम्न स्तरको रहेको पाइयो ।

शिक्षण क्रियाकलाप सञ्चालन गर्दा सबै विद्यार्थीहरूलाई समेट्ने सवालमा ८% अति उत्तम, १२.५% उत्तम, ४२% मध्यम र ३७.५% को निम्न अवस्था पाइयो । त्यसरी नै विद्यार्थीहरूलाई प्रश्न गर्ने सवालमा अति उत्तम, उत्तम, मध्यम र निम्न क्रमशः १२.५%, १६.५%, ४२% र २९% पाइयो भने प्राप्त उत्तरलाई कालोपाटीमा लेख्ने सवालमा क्रमशः २५%, ३०%, ३७% र ८% को अवस्था अति उत्तम, उत्तम, मध्यम र निम्न पाइयो ।

यसबाट अधिकांश कक्षाहरूमा योजनाविहीन शिक्षण भएको, सबै विद्यार्थीहरू नसमेटिएको, विद्यार्थीहरूलाई प्रश्न नसोधिएको र शिक्षकले एकोहोरो रूपमा भट्याएर पढाउने गरेको देखिन्छ । कक्षामा शिक्षण गर्नुपूर्व शिक्षकले योजना निर्माण गर्ने र कक्षा शिक्षणमा योजनाबद्ध ढङ्गले सबै विद्यार्थीहरूलाई समान अवसर दिई क्रियाकलापयुक्त शिक्षण सिकाइ सञ्चालन गर्न सके शिक्षणको उद्देश्य प्राप्ति हुने देखिन्छ ।

कक्षा ४ मा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरू मध्ये कक्षा प्रारम्भका सबै पक्षहरूमा सामुदायिक विद्यालयका शिक्षकहरूको तुलनामा संस्थागत विद्यालयका शिक्षकहरू अगाडि रहेको देखिन्छ । अति उत्तम वर्गमा पूर्वपाठमा आधारित, पाठको तयारी, उद्देश्यप्रति स्पष्ट, पाठप्रति रुचि, कक्षा व्यवस्थापन र सन्दर्भ अनुसार सुरुवात पक्षहरूमा संस्थागत विद्यालयका शिक्षकहरूको प्रतिशत क्रमशः २०, १२, २५.५, ५०, १५ र ४० पाइयो भने सामुदायिक विद्यालयका शिक्षकहरूमा यो प्रतिशत क्रमशः १२.५, ८, २०.५, ४६, ८ र ३७ पाइएको छ । त्यसरी नै उत्तम वर्गमा उपर्युक्त पक्षहरूमा संस्थागत विद्यालयका क्रमशः ३०, ४८, ३०.५, ३५, ३० र ४५ प्रतिशत शिक्षकहरू परेको पाइयो भने सामुदायिक विद्यालयका क्रमशः ३३.५, ४१.५, ५४.५, ३३, २९ र ४१.५ प्रतिशत शिक्षकहरू परेको पाइयो ।

शैक्षिक सामग्रीको प्रयोगको अवस्थालाई हेर्दा सामुदायिक विद्यालयहरूभन्दा संस्थागत विद्यालयहरूमा केही बढी मात्रामा शैक्षिक सामग्रीको प्रयोग भएको पाइयो । दैनिक प्रयोगका सामग्री बाहेक चार्ट/चित्र, तालिकाको प्रयोग ३०% संस्थागत विद्यालयका शिक्षकहरूले राम्ररी गरेको पाइयो भने २०% मात्र सामुदायिक विद्यालयका शिक्षकले उक्त सामग्री राम्रोसँग प्रयोग गरेको देखिन्छ । त्यसरी नै अन्य शैक्षिक सामग्रीको प्रयोगमा पनि अति उत्तम, उत्तम वा मध्यम वर्गमा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका बढी प्रतिशत शिक्षकहरू परेको देखिन्छ भने निम्न वर्गमा सामुदायिक विद्यालयका शिक्षकहरू बढी प्रतिशत परेको देखिन्छ ।

सामुदायिक तथा संस्थागत दुवै किसिमका विद्यालयहरूमा परम्परागत व्याख्यान विधिको बाहुल्य रहेको देखिन्छ । अन्य विधिहरूमा छलफल विधिको प्रयोग राम्रोसँग गर्ने सामुदायिक विद्यालयका ४०.५% शिक्षकहरू पाइयो भने संस्थागत विद्यालयका ३०% शिक्षकहरू यस वर्गमा पाइयो । प्रश्नोत्तर विधिको प्रयोगमा संस्थागत विद्यालयका ५०% शिक्षकहरू अति उत्तम वर्गमा पाइयो भने सामुदायिक विद्यालयका २०% शिक्षकहरू मात्र यस वर्गमा पाइयो । भूमिका निर्वाह, समस्या समाधान र खेल/खोज विधिको प्रयोगमा दुवै किसिमका विद्यालयका शिक्षकहरू कमजोर रहेको पाइयो । समस्या समाधान विधिको प्रयोगमा दुवै किसिमका विद्यालयहरूका बहुसङ्ख्यक शिक्षकहरू (६५%) उत्तम वर्गमा पाइयो । छलफल विधिको प्रयोग गर्नेमा सामुदायिक विद्यालयका ३५.५% र संस्थागत विद्यालयका ३२% शिक्षकहरू उत्तम वर्गमा रहेको पाइयो । प्रदर्शन विधिको प्रयोगमा दुवै किसिमका विद्यालयका ६५% शिक्षकहरू निम्न वर्गमा परेको पाइयो । त्यसरी नै खेल/खोज विधिको प्रयोगमा सामुदायिक विद्यालयका १०% शिक्षकहरू मध्यम र ९०% शिक्षकहरू निम्न वर्गमा रहेको पाइयो भने संस्थागत विद्यालयका २५% शिक्षकहरू मध्यम र ७५% शिक्षकहरू निम्न वर्गमा रहेको पाइयो ।

कक्षाकोठामा शिक्षकले बोलेको समय सामुदायिक विद्यालयमा ७०% र संस्थागत विद्यालयमा ६०% पाइन्छ । भने पाठ्यवस्तु पढाउँदा शिक्षकले सामुदायिक विद्यालयमा ३०% र संस्थागत विद्यालयमा ३५% समय खर्च गरेको देखिन्छ । शिक्षकले शैक्षिक सामग्री प्रदर्शनमा सामुदायिक विद्यालयमा १५% र संस्थागत

विद्यालयमा १०% समय लगाएको देखिन्छ । गृहकार्य हेर्दा सामुदायिक विद्यालयका शिक्षकलाई २५% र संस्थागत विद्यालयका शिक्षकलाई १५% समय लागेको देखिन्छ । यसरी सामुदायिक विद्यालयका शिक्षक कुल समयको ७०% समय र संस्थागत विद्यालयका शिक्षक कुल समयको ६०% समय बोल्ने गर्दछन् ।

विद्यार्थीले बोल्ने समयको सन्दर्भमा सामुदायिक विद्यालयका विद्यार्थीले जम्मा समयको ३०% र संस्थागत विद्यालयका विद्यार्थीले ४०% समय बोलेको देखिन्छ । जान्ने विद्यार्थी मात्र सामुदायिक विद्यालयमा जम्मा समयको १४% र संस्थागत विद्यालयमा २०% बोलेको पाइन्छ । त्यसरी नै अगाडि बस्ने विद्यार्थीहरू मात्र बोलेको समय सामुदायिक विद्यालयमा १०% र संस्थागत विद्यालयमा १५% रहेको देखिन्छ । कमजोर विद्यार्थीहरू बोल्ने समय सामुदायिक विद्यालयमा ६% र संस्थागत विद्यालयमा १५% रहेको तथ्याङ्कले देखाएको छ ।

अध्ययन गरिएका सम्पूर्ण कक्षाहरू मध्ये सामुदायिक विद्यालयहरूमा ४०% र संस्थागत विद्यालयहरूमा ३०% कक्षामा विद्यार्थीहरूको उपस्थिति अति उत्तम रहेको देखिन्छ । ५५% सामुदायिक विद्यालयका कक्षाहरूमा र ६०% संस्थागत विद्यालयहरूका कक्षाहरूमा विद्यार्थी उपस्थिति मध्यम अवस्थाको देखिन्छ । कक्षाकोठामा भएको सहभागितालाई हेर्ने हो भने शिक्षक विद्यार्थीको बराबर वा पूर्ण सहभागिताको अति उत्तम अवस्था कुनै पनि विद्यालयमा पाइएन ।

अवलोकन गरिएका कक्षामध्ये सामुदायिक विद्यालयका ३४.५% र संस्थागत विद्यालयका ४५% कक्षाहरूमा शिक्षक विद्यार्थीबिच अन्तरक्रिया सञ्चालन अति उत्तम भएको पाइयो । त्यसरी नै सामुदायिक विद्यालयका २०.५% र संस्थागत विद्यालयका ३०% कक्षाहरूमा शिक्षक विद्यार्थीबिच अन्तरक्रिया सञ्चालन उत्तम र सामुदायिक विद्यालयका ४५% र संस्थागत विद्यालयका २५% कक्षाहरूमा शिक्षक विद्यार्थीबिच अन्तरक्रिया मध्यम भएको पाइयो ।

यसै गरी सामुदायिक विद्यालयका १०% र संस्थागत विद्यालयका २५% कक्षाहरूमा विद्यार्थी विद्यार्थीबिच अन्तरक्रिया अति उत्तम भएको देखिन्छ भने सामुदायिकका १५% र संस्थागतका ३०% कक्षाहरूमा उत्तम, सामुदायिकका ३०% र

संस्थागतका ४०% मा मध्यम र सामुदायिकका ४५% र संस्थागत विद्यालयका ५% कक्षाहरुमा विद्यार्थी विद्यार्थीबिच अन्तरक्रिया सञ्चालनको अवस्था निम्न पाइयो ।

दैनिक पाठयोजनाको निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नेमा जम्मा अवलोकन गरिएका कक्षा मध्ये सामुदायिक विद्यालयका १५% र संस्थागत विद्यालयका २०% शिक्षकहरूको अवस्था अति उत्तम पाइयो भने सामुदायिक विद्यालयका २०% र संस्थागत विद्यालयका २५% को उत्तम, सामुदायिक विद्यालयका ५५% र संस्थागत विद्यालयका ५०% को मध्यम र सामुदायिक विद्यालयका १०% र संस्थागत विद्यालयका ५% को निम्न अवस्था रहेको पाइयो ।

शिक्षण क्रियाकलाप सञ्चालन गर्दा सबै विद्यार्थीहरूलाई समेट्ने सवालमा सामुदायिक विद्यालयका १०% र संस्थागत विद्यालयका १५% अति उत्तम, सामुदायिक विद्यालयका १५% र संस्थागत विद्यालयका २०% उत्तम, सामुदायिक विद्यालयका ४०% र संस्थागत विद्यालयका ५५% मध्यम र सामुदायिक विद्यालयका ३५% र संस्थागत विद्यालयका १०% शिक्षकको निम्न अवस्था पाइयो ।

त्यसरी नै विद्यार्थीहरूलाई प्रश्न गर्ने सवालमा सामुदायिक विद्यालयका १५% र संस्थागत विद्यालयका २५% अति उत्तम, सामुदायिक विद्यालयका २०% र संस्थागत विद्यालयका ३०% उत्तम, सामुदायिक विद्यालयका ४५% र संस्थागत विद्यालयका ४०% को मध्यम र सामुदायिक विद्यालयका २०% र संस्थागत विद्यालयका ५% का निम्न अवस्था पाइयो ।

प्राप्त उत्तरलाई कालोपाटीमा लेख्ने सवालमा सामुदायिक विद्यालयका २०% र संस्थागत विद्यालयका ३५% अति उत्तम, सामुदायिक विद्यालयका ३०% र संस्थागत विद्यालयका ४०% उत्तम, सामुदायिक विद्यालयका ४०% र संस्थागत विद्यालयका २०% को मध्यम र सामुदायिक विद्यालयका १०% र संस्थागत विद्यालयका ५% शिक्षकहरूको निम्न अवस्था पाइयो ।

अध्ययनमा समावेश गरिएका नमुना शिक्षकहरू मध्ये ७५% तालिम प्राप्त र २५% तालिम अप्राप्त पाइएको छ । कक्षा शिक्षणमा १ जनाले व्याख्यान विधि, ३

जनाले छलफल विधि र २ जनाले प्रश्नोत्तर विधि प्रयोग गर्ने बताएका छन् । विद्यार्थी अन्तरक्रिया गराउँदा १ जनाले व्यक्ति व्यक्तिका बिच, २ जनाले समूह समूहका बिच र ३ जनाले व्यक्ति र समूहका बिच गराउने गरेको बताएका छन् । विद्यार्थीलाई प्रश्न सोध्ने सवालमा २ जनाले प्रश्न समूहमा सोधी व्यक्तिबाट उत्तर लिने, २ जनाले जान्ने विद्यार्थीलाई प्रश्न सोधी उत्तर लिने, १ जनाले नजान्ने विद्यार्थीलाई सोधेर उत्तर लिने प्रयास गर्ने र १ जनाले कुने पनि विद्यार्थीलाई तोकेर सोधेर उत्तर लिने प्रयास गर्ने बताएका छन् ।

कक्षा शिक्षणको समयमा विद्यार्थी सक्रियताको सवालमा ३ जनाले अगाडि बस्ने विद्यार्थी सक्रिय हुने, २ जनाले जान्ने विद्यार्थी सक्रिय हुने र १ जनाले सबै विद्यार्थी सक्रिय हुने बताएका छन् । विद्यार्थी सक्रियताको समयको सवालमा ३ जना शिक्षकले कक्षाको दोस्रो समय (११ - २० मिनेट) मा, १ जनाले तेस्रो समय (२१ - ३० मिनेट) मा र २ जनाले चौथो समय (३१ - ४० मिनेट) मा विद्यार्थी बढी सक्रिय हुन् बताएका छन् । कक्षामा शिक्षकले बोल्ने समयको सवालमा ३ जनाले १० मिनेटसम्म बोल्ने, १ जनाले ११ देखि २० मिनेटसम्म बोल्ने र २ जनाले २१ देखि ३० मिनेटसम्म बोल्ने बताएका छन् । विद्यार्थीलाई उत्साहित गर्ने सवालमा ३ जनाले प्रश्नकको उत्तर भनिदिएर, १ जनाले अन्तरक्रिया गराएर र २ जनाले उत्तर लेख्न लगाएर उत्साहित गर्ने बताएका छन् ।

## निष्कर्ष

झापा जिल्लाको बुधवारे स्रोतकेन्द्र अन्तरगत सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा चारमा नेपाली विषय शिषण सिकाइका क्रममा अिन्तरक्रियाको अवस्थाको तुलनात्मक अध्ययन विश्लेषण गरिएको प्रस्तुत शोधमा सङ्कलन गरिएका तथ्याङ्कको व्याख्या विश्लेषणपश्चात् निम्न निष्कर्ष निकालिएको छ :

अध्ययनमा समावेश गरिएका नमुना शिक्षकहरू मध्ये ७५% तालिम प्राप्त र २५% तालिम अप्राप्त पाइएको छ ।

कक्षा प्रारम्भ गर्ने सवालमा तालिम प्राप्त शिक्षकहरूको कक्षा प्रारम्भ अति उत्तम पाइयो भने अन्य तालिम अप्राप्त शिक्षकहरूको कक्षा प्रारम्भमा अझै सुधार गर्नु पर्ने देखिन्छ । समग्रमा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा कक्षा प्रारम्भ राम्रो ढङ्गले हुने गरेको पाइयो । पाठको सुरुवात प्रत्येक कक्षामा पूर्वपाठमा आधारित विषयवस्तुबाट सुरु गर्ने गरेको भए पनि पाठयोजना निर्माण गरी सो अनुरूप शिक्षण गर्ने प्रचलन भने अत्यन्त न्यून पाइएको छ ।

अध्ययन गरिएका विद्यालयहरूमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था अत्यन्तै न्यून रहेको पाइएको छ । शब्दार्थ शिक्षण गर्दा केही कक्षामा शब्दपत्ती र अर्थ वा वाक्यपत्तीहरू प्रयोग गरिएको पाइन्छ । शैक्षिक सामग्री प्रयोगमा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका शिक्षकहरुको अवस्था राम्रो पाइयो ।

अध्ययन गरिएका विद्यालयहरूमा अधिकाम्शतः व्याख्यान विधिको प्रयोग गर्ने गरेको र शिक्षक मात्र कक्षाकोठामा एकोहोरो रूपमा बोलिरहेकोले विद्यार्थीका प्रतिभा र क्षमता विकास हुने अवसर कम देखिएको छ । अन्तरक्रियात्मक विधिको रूपमा छलफल र प्रश्नोत्तर विधिको केही प्रयोग भएको पाइएको छ । समस्या समाधान, भूमिका निर्वाह, खोज जस्ता शिक्षण विधिको प्रयोग नगण्य मात्रामा देखिन्छ । यसैले शिक्षक-विद्यार्थी अन्तरक्रियाका लागि व्याख्यान विधिभन्दा प्रश्नोत्तर, छलफल, समस्या समाधान, खोज जस्ता विधिहरूको माध्यमबाट विद्यार्थीलाई अन्तरक्रियामा सहभागी गराउनु पर्ने देखिएको छ ।

कक्षा सञ्चालन समयको अधिकतम समय शिषकले बोलेर बिताउने गरेको पाइएको छ । सामुदायिक विद्यालयमा ७०% र संस्थागत विद्यालयमा ६०% समय शिक्षकले बोल्ने गरेकाले विद्यार्थीले अन्तरक्रियाको लागि समय नपाएको देखिन्छ । शिक्षकको बोल्ने समय घटाई विद्यार्थी अन्तरक्रिया समय बढाउनु आवश्यक देखिन्छ ।

कक्षामा विद्यार्थी उपस्थितिको अवस्था राम्रो देखिए पनि कक्षा क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्था सन्तोषजनक देखिंदैन । कक्षाको वातावरण जीवन्त र अभिरुचिपूर्ण नभएका कालरण शिक्षकको एकोहोरो व्याख्यानप्रति

विद्यार्थी आकृष्ट नभएको अवस्था देखिन्छ। कक्षाकोठालाई जीवन्त र क्रियाकलापजन्य बनाउन शिक्षकले योजनाबद्धध ढङ्गले लाग्नुपर्ने देखिन्छ।

कक्षा क्रियाकलापमा सबै विद्यार्थीलाई सहभागी गराउने सवालमा शिक्षकले कक्षामा प्रश्न र अन्तरक्रिया गर्दा जान्ने विद्यार्थी र अगाडि बसेका विद्यार्थीलाई मात्र जोड दिइएको पाइन्छ । वास्तवमा शिक्षण क्रियाकलापमा कमजोर र पछाडि बस्ने विद्यार्थीलाई बढी प्रश्नोत्तर एवम् अन्तरक्रियामा सहभागी गराउनु पर्ने देखिन्छ । कक्षाका सबै विद्यार्थीलाई समेटी विद्यार्थी-विद्यार्थीबिच तथा शिक्षक-विद्यार्थीबिच समेत अन्तरक्रिया सञ्चालन गर्नुपर्ने देखिएको छ।

## सुझावहरू

नेपाली भाषा मुलुकको राष्ट्रभाषा तथा सरकारी कामकाजको भाषा समेत भएकाले विद्यार्थीहरुमा यसको प्रयोगको सक्षमता सबल हुनु आवश्यक र अपरिहार्य छ। विद्यालय तहमा नेपाली विषय शिक्षणको उद्देश्य भाषिक सिप शिक्षण भएकोले भाषिक सिप शिक्षणका लागि उपयुक्त विधि र प्रक्रिया महत्त्वपूर्ण हुन्छ। तसर्थ कक्षा चारको नेपाली शिक्षणमा परम्परागत व्याख्यान विधिको बाहुल्यताका कारण शैक्षिक उपलब्धि प्राप्तिमा देखा परेका समस्याहरुलाई न्यूनीकरण गर्दै अन्तरक्रिया विधिको प्रयोगद्वारा शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ :

## नीति निर्माण तहका लागि सुझावहरु

- विद्यालय तहको नेपाली भाषा शिक्षणका लागि उपयोग गर्नुपर्ने शिक्षण विधि पाठ्यक्रममा नै किटान गरी सो अनुरूपको पाठ्यपुस्तक निर्माण गरिनु आवश्यक छ।
- पाठ्यपुस्तकमा विद्यार्थीहरुको उमेर र रुचि अनुरुपका आकर्षक चित्रमय तथा रोचक कथाहरुले सजिएका पाठ्याम्शको व्यवस्था गरिनु पर्दछ।

- विद्यालय तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरुका लागि कक्षाकोठा अन्तरकिया सञ्चालन सम्बन्धी विशेष तालिम कार्यकमहरु सञ्चालन गरिनु पर्दछ ।
- परीक्षा प्रणालीमा नै परिवर्तन गरी पाठको विषयवस्तु घोकेर उत्तर लेख्नुपर्ने प्रश्नहरुको सट्टा प्रयोगात्मक परीक्षा प्रणालीको विकास गर्ने नीति बनाइनु पर्दछ ।
- शिक्षकहरुको कक्षा अवलोकन गर्ने, पृष्ठपोषण प्रदान गर्ने तथा समयसापेक्ष शिक्षण विधिको प्रयोग गर्न नसक्ने शिक्षकलाई प्रतिस्थापित गर्ने नीति बनाइनु पर्दछ ।
- कार्यक्षमताको आधारमा शिक्षकलाई कक्षाकोठाको अवलोकन गरी पुरस्कार, दण्ड, पदोन्नति, पद अवनति गर्ने व्यवस्था गरिनु पर्दछ ।
- समय समयमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शैक्षिक तालिम केन्द्रका प्रशिक्षक, विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिले शिक्षकहरुको कक्षा अवलोकन गरी प्रतिवेदन पेश गर्नुपर्ने र सोको आधारमा शिक्षण सुधार तालिम प्रदान गर्ने व्यवस्था गरिनु पर्दछ ।
- शिक्षकहरुलाई नियमित रपमा पुनर्ताजगी तालिमको व्यवस्था गरी नयाँ नयाँ विधि र प्रकियाहरुको बारेमा जानकार राख्ने व्यवस्था गरिनु पर्दछ ।

## कार्यान्वयन तहका लागि सुझावहरु

- विद्यालयका प्रधानाध्यापकले आफ्नो विद्यालयका शिक्षकहरुका कक्षाहरु अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।
- शैक्षिक सामग्री सङ्कलन तथा निर्माण सम्बन्धमा समय समयमा विद्यालयमा कार्यशालाको आयोजना गरी सङ्कलित तथा निर्मित सामग्रीको भण्डारण तथा प्रयोगको वातावरण निर्माण गर्नु पर्दछ ।
- शिक्षक तथा विद्यार्थीको विद्यालय नियमितता सम्बन्धमा विद्यालय प्रशासनले आवश्यक कार्यकम ल्याउनु पर्दछ ।

## थप अनुसन्धानका लागि सुझावहरु

प्रस्तुत शोधकार्यमा झापा जिल्लाको एउटा स्रोतकेन्द्रका सीमित विद्यालयहरुमा एउटा कक्षामा अन्तरक्रिया विधि प्रयोगको अवस्था मात्र अध्ययन गरिएकाले मुलुकको समग्र विद्यालय तहको शिक्षण सिकाइका सन्दर्भमा यसलाई सामान्यीकरण गर्न सम्भव हुँदैन । सीमित समय, स्रोत र साधनका कारण प्रस्तुत शोधमा नेपालको विद्यालय तहमा नेपाली भाषा शिक्षणमा प्रयोग गरिएका तथा गरिनु पर्ने सबै विधि र प्रक्रियाहरु बारे अध्ययन गर्न सम्भव नभएकाले एउटा कक्षामा अन्तरक्रिया विधिको प्रयोगको अवस्थालाई मुख्य विषय बनाई झापा जिल्लाको बुधवारे स्रोतकेन्द्र अन्तरगत सञ्चालित विद्यालयहरु मध्येबाट ३ वटा सामुदायिक र ३ वटा संस्थागत विद्यालयहरुलाई नमुनाका रूपमा लिई शोधकार्य सम्पन्न गरिएकाले यस विषयमा थप अध्ययन अनुसन्धानका लागि निम्न शीर्षकहरु सिफारिस गरिएको छ :

कक्षा चारको नेपाली शिक्षणमा प्रयोग गरिएका विधिहरुको अध्ययन

आधारभूत तहको नेपाली शिक्षणमा अन्तरक्रिया विधिको प्रयोग

सामुदायिक र संस्थागत विद्यालयमा नेपाली शिक्षणमा प्रयोग गरिएका विधिहरुको तुलनात्मक अध्ययन

# सन्दर्भ सूची

*अक्फोर्ड एडभान्स लनर्स डिक्सनरी अफ करेण्ट इङ्गलिश* (सन् २०१४), कलकत्ता : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

अधिकारी, विष्णुप्रसाद (२०६५), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* त्रि.वि. नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोष,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

आचार्य, झुमा (२०६९), *झापा जिल्लाका कक्षा दुईका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली भाषा शिक्षा विभाग, सुरुङ्गा ।

एण्डरसन, एच.एच. (१९३०), *कक्षाकोठा अन्तरक्रियाको विश्लेषण,* ।

कटुवाल, कान्ति (२०६५), *कक्षा आठको नेपाली भाषको अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

कँडेल, कमला (२०६६), *पाल्पा जिल्लाका कक्षा सातका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

क्षेत्री, रक्षबहादुर (२०६५), *कक्षा पाँचका शिक्षक विद्यार्थीहरुको अन्तरक्रियाको अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली भाषा शिक्षा विभाग, किर्तिपुर ।

घिमिरे, सीता (२०६५), *कक्षा चारको शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली भाषा शिक्षा विभाग, किर्तिपुर ।

पोखेल, दिनेश (सन् २००७), *इफेक्टिभनेस अफ इन्टरयाक्शन टेक्निक इन रिडिङ कम्युनिकेशन फङ्सनस,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र सङ्काय, अङ्ग्रेजी शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डरी, पारसमणि र रामनाथ ओझा (२०६८), *भाषिक अनुसन्धान विधि,* (प्र.स) काठमाडौंः पिनाकल पब्लिकसन प्रा.लि. ।

महरा, ध्रुवबहादुर (२०६५), *नेपाली भाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली भाषा शिक्षा विभाग, किर्तिपुर ।

सुवेदी, खगेन्द्र (२०६८ ), *निरीक्षक दिग्दर्शन,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

# परिशिष्ट-१

## झापा जिल्लाका कक्षा चारका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन

## छनोट गरिएका विद्यालयको नामावली

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | प्रकार |
|---|---|---|---|
| १ | बुद्ध आदर्श उच्च माध्यमिक विद्यालय | बुधवारे | सामुदायिक |
| २ | सरस्वती बालकल्याण माध्यमिक विद्यालय | धाइजन | सामुदायिक |
| ३ | गणेश माध्यमिक विद्यालय | शान्तिनगर | सामुदायिक |
| ४ | ज्योति इङ्गलिश बोर्डिङ स्कुल | बुधवारे | संस्थागत |
| ५ | जयपुर इङ्गलिश बोर्डिङ स्कुल | बुधवारे | संस्थागत |
| ६ | मुनामदन एकाडेमी | शान्तिनगर | संस्थागत |

# परिशिष्ट-२

# झापा जिल्लाका कक्षा चारका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन

## शिक्षक प्रश्नावली फाराम

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : ठेगाना : शैक्षिक योग्यता :

१. नेपाली शिक्षण तालिम लिनुभएको छ कि छैन ?

क. छ ख. छैन

२. कक्षा शिक्षण गर्दा पाठयोजना बनाउनुहुन्छ वा हुन्न ?

क. बनाउँछु ख. बनाउँदिन

३. आधारभूत तहमा भाषा शिक्षणको उद्देश्यका लागि बढी आवश्यक कुन उद्देश्यलाई ठान्नुहुन्छ ?

क. भाषिक सिप विकास ख. ज्ञान वृद्धि

४. कक्षा चारमा नेपाली शिक्षण गर्दा कुन कुन विधिको प्रयोग गर्नुहुन्छ ?

क. व्याख्यान ख. छलफल ग. प्रदर्शन घ. प्रश्नोत्तर

ङ. भूमिका निर्वाह च. समस्या समाधान छ. अभ्यास ज. खेल/खोज

झ. अन्य कुनै भए उल्लेख गर्नुहोस्

५. तपाईं आफ्नो कक्षामा कति समय बोल्नुहुन्छ ?

क. १० मिनेटसम्म ख. ११ देखि २० मिनेटसम्म

ग. २१ देखि ३० मिनेटसम्म

६. तपाईंको कक्षामा कुन समयमा विद्यार्थी बढी सक्रिय हुन्छन् ?

क. कक्षाको दोस्रो समय (११ - २० मिनेट) मा

ख. कक्षाको तेस्रो समय (२१ - ३० मिनेट) मा

ग. कक्षाको चौथो समय (३१ - ४० मिनेट) मा

७. विद्यार्थीहरूबिच कसरी अन्तरक्रिया गराउनु हुन्छ ?

क. व्यक्ति व्यक्तिका बिच ख. समूह समूहका बिच ग. व्यक्ति र समूहका बिच

८. विद्यार्थीहरुलाई कसरी प्रश्न सोध्नुहुन्छ ?

क. प्रश्न समूहमा सोधी व्यक्तिबाट उत्तर लिने

ख. जान्ने विद्यार्थीलाई प्रश्न सोधी उत्तर लिने

ग. नजान्ने विद्यार्थीलाई सोधेर उत्तर लिने प्रयास गर्ने

घ. कुनै पनि विद्यार्थीलाई तोकेर सोधेर उत्तर लिने प्रयास गर्ने

९. तपाईंको कक्षामा कस्ता विद्यार्थी बढी सक्रिय हुन्छन् ?

क. अगाडि बस्ने विद्यार्थी ख. जान्ने विद्यार्थी ग. सबै विद्यार्थी

१०. कक्षामा विद्यार्थीहरुलाई कसरी उत्साहित गराउनुहुन्छ ?

क. प्रश्नको उत्तर भनिदिएर ख. अन्तरक्रिया गराएर ग. उत्तर लेख्न लगाएर

## परिशिष्ट-३

# झापा जिल्लाका कक्षा चारका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन

## कक्षा अवलोकन फारम

मिति : ......................

शिक्षकको नाम : ..............................        ठेगाना : ..........................

शैक्षिक योग्यता : ..............................        पाठ : ............................

तालिम प्राप्त/अप्राप्त : ......................

| क्र. सं. | अवलोकन आधार शीर्षक | शिक्षण कार्यकलाप स्थिति | | | |
|---|---|---|---|---|---|
| | | निम्न | मध्यम | उत्तम | अति उत्तम |
| १. | कक्षा व्यवस्थापन | | | | |
| २. | शिक्षकको व्यक्तित्व | | | | |
| ३. | पाठको प्रारम्भ (तयारी) | | | | |
| ४. | पाठको प्रस्तुतीकरण | | | | |
| ५. | उद्देश्य अनुसार सञ्चालित क्रियाकलाप | | | | |
| ६. | उपयुक्त शिक्षण विधिहरुको प्रयोग | | | | |
| ७. | शैक्षिक सामग्रीको प्रयोग | | | | |
| ८. | कार्यकलापमा विद्थार्यीको सहभागिता | | | | |
| ९. | विद्यार्थी मूल्याङ्कन | | | | |
| १०. | समय र पाठ्यभार अनुसार सञ्चालनको अवस्था | | | | |
| ११. | भाषिक शुद्धता | | | | |
| १२. | विषयवस्तुको ज्ञान | | | | |
| १३. | उदाहरण | | | | |
| १४. | भाषिक सिपसँग सम्बन्धित कार्यकलापहरु | | | | |
| १५. | समग्र कक्षा शिक्षण क्रियाकलापको अवस्था | | | | |

# व्यक्तिवृत्त



नाम : ज्योति दाहाल

जन्म : २०४०।९।२९

पिताको नाम : कृष्णप्रसाद दाहाल

माताको नाम : रत्नकुमारी दाहाल

स्थायी ठेगाना : बुधवारे - ४, झापा

सम्पर्क नं : ९८४२७१७६४५

नागरिकता : नेपाली

धर्म : हिन्दू

मातृभाषा : नेपाली

वैवाहिक स्थिति : विवाहिता

पेशा : व्यापार

शैक्षिक योग्यता :

| क.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १. | प्रवेशिका | बुद्ध आदर्श उ.मा.वि., बुधवारे | २०६० | उत्तीर्ण |
| २. | + २ | कञ्चनजङ्घा उ.मा.वि., बुधवारे | २०६३ | दोस्रो |
| ३. | स्नातक | कनकाई बहुमुखी क्याम्पस, सुरुङगा | २०६६ | दोस्रो |
| ४. | स्नातकोत्तर | कनकाई बहुमुखी क्याम्पस, सुरुङगा | | |